# प्रदेशहरूका उपलब्धि र चुनौतिहरू

असार २०८२

फेडरलिजम् ए ण्ड लोकलाइजेसन सेन्टर

भैँसेपाटी, ललितपुर

# प्राक्कथन

नेपालको संविधान २०७२ले नेपालको संरचना सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको व्यवस्था गरेको छ । सङ्घीय शासन प्रणालीमा तहगत सरकारहरूले संविधान र कानून बमोजिम सहकार्य समन्वय र सह-अस्तित्वको सिद्वान्तमा रहेर शासन, विकास र सेवा प्रवाह गरेका छन् ।

नेपालको सङ्घीय शासन प्रणालीलाई सबलीकरण गर्ने मुख्य उद्देश्यले अभिप्रेरित भई स्थापना भएको यस फेडरलिजम् एण्ड लोकलाइजेसन सेन्टर (एफएलसी)ले सो उद्देश्य प्राप्तिका लागि आफ्नो अध्ययन, अनुसन्धान, बहस तथा पैरवीका कार्यक्रमलाई सङ्घीयता, लोकतन्त्र, अन्तरतहगत सम्बन्ध तथा समावेशी शासन प्रणालीका विषयवस्तुमा केन्द्रित गर्ने गरेको छ। यिनै सवालहरूमा यो संस्थाले पछिल्ला दिनमा सङ्घीय संसद (प्रतिनिधि सभा र राष्ट्रिय सभा), प्रमुख राजनीतिक दलहरू, सातै प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लगायत विभिन्न सरोकारवाला पक्षहरूसँग छलफल तथा अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन गरी सङ्घीयता सबलीकरणमा योगदान पुर्याइरहेको छ।

सङ्घीयता बलियो हुन यसको जग र आधार बलियो हुन जरुरी हुन्छ। नेपालको सङ्घीयताको जग र आधार भनेको प्रदेश र स्थानीय तह हुन्। ती संरचना बलियो बन्नका लागि कामकाजी हुनुपर्छ। यतिले मात्र पुग्दैन, गरेका कार्यको सम्बन्धमा जनतामा प्रचार-प्रसार समेत हुनुपर्ने हुन्छ ।

प्रदेश सरकार स्थापना भई सञ्चालनमा आएपश्चात् प्रदेश सरकारले आफ्ना विषयगत क्षेत्रमा हासिल गरेका उपलब्धिको सम्बन्धमा हालसम्म व्यवस्थित रुपमा अध्ययन हुन नसकेको पृष्ठभूमिमा हाल एफएलसीले यो संक्षिप्त अध्ययन विश्लेषण गरेको छ। यो प्रतिवेदनले सातवटै प्रदेश सरकारको शासन र विकास यात्राको मुख्य उपलब्धिको संक्षेप विवरण, सुधारका क्षेत्रको पहिचान गरी केही सुझावहरु सिफारिस गरेको छ ।

सातवटै प्रदेशको उपलब्धि र चुनौतीहरू विषयक छुट्टा छुट्टै प्रतिवेदनहरू तयार भएका छन् । ती प्रतिवेदनहरू लेखनमा प्रदेशका मुख्यमन्त्री, पूर्वमुख्यमन्त्री, सभामुख, मन्त्री तथा कर्मचारीहरूले अभिप्रेरित गर्नु भएको थियो । त्यसको लागि ती सम्पूर्ण व्यक्तित्वहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौँ । उहाँहरूको सहयोग र सल्लाह सुझावबिना ती अध्ययन सम्भव थिएन। र ती सातवटै प्रतिवेदनहरूको आधारमा यो एकतृत प्रतिवेदन तयार भएको छ ।

सातवटै प्रदेशका उपलब्धि र चुनौतीहरू विषयक अध्ययन प्रतिवेदनलाई संयोजन तथा संकलित तथ्य र तथ्याङ्कको शब्द, वाक्य र भाषा मिलाई प्रतिवेदन तयार गर्नु हुने स्थाका

बरिष्ठ कार्यक्रम संयोजक कृष्णकुमार साह विशेष धन्यवादका पात्र हुनुहुन्छ। उहाँहरूको अनुसन्धान अनुभव, गहिरो विश्लेषण क्षमता र प्रदेशप्रतिको संवेदनशील दृष्टिले यो प्रकाशनलाई गहनता र उपयोगिता प्रदान गरेको छ। यसैगरी, प्रतिवेदनलाई प्राविधिक सम्पादन गरी सहयोग गर्नु भएको अमोल आचार्यलाई धन्यवाद व्यक्त गर्दछौँ। अनुसन्धानको अवधारणादेखि तयार पार्नसम्म सहयोग गर्नुभएका सबै सरोकारवाला, प्रदेशका पदाधिकारी, निकायहरू, र सहकर्मीहरूलाई पनि फेडरलिजम् एण्ड लोकलाइजेसन सेन्टर हार्दिक आभार प्रकट गर्दछ।

हामी आशा गर्छौं, यो अध्ययन सातवटै प्रदेशको शासन अभ्यासबारे जान्न चाहने सबैका लागि मार्गदर्शक दस्तावेज हुनेछ। सङ्घीयताको संस्थागत सबलीकरण, उत्तरदायी सरकार र समावेशी विकासप्रति केन्द्रित यस्ता प्रयासहरू भविष्यमा पनि निरन्तर भइरहुन भन्ने हाम्रो कामना छ।

**फेडरलिजम् एण्ड लोकलाइजेसन सेन्टर (एफएलसी)**
**भैंसेपाटी, ललितपुर**
असार, २०८२

## कार्यकारी सारांश

नेपालको सङ्घीय संरचनाको एक दशक पुरा भएको छ । सात प्रदेश सरकारहरूले आ-आफ्नो विशेषता अनुसार विभिन्न क्षेत्रमा उल्लेखनीय उपलब्धिहरू हासिल गरेका छन्। सातवटै प्रदेशले प्रदेशको नामकरणसँगै स्थायी राजधानी निर्धारण गरेका छन् । प्रदेशले संरचनात्मक रूपमा लोक सेवा आयोग, नीति तथा योजना आयोग, लेखा नियन्त्रक कार्यालय, प्रदेश सुशासन वा अनुसन्धान तथा तालिम केन्द्र लगायतका विभिन्न संस्थाहरू स्थापना गरेका छन्। आर्थिक क्षेत्रमा बागमती प्रदेश सबैभन्दा अग्रणी स्थानमा छ । औद्योगिक क्षेत्रमा उल्लेखनीय प्रगति गर्दै देशको कुल उद्योगको ७०% भन्दा बढी उद्योग यसै प्रदेशमा छन् । मधेशले कृषि क्षेत्रको राष्ट्रिय उत्पादनमा ३५% भन्दा बढीले योगदान पुर्याएको छ । कोशी प्रदेशले सार्वजनिक-निजी साझेदारीमार्फत लगानी प्रवर्द्धनमा महत्वपूर्ण सफलता पाएको छ भने गण्डकी प्रदेशले पर्यटन र सेवा क्षेत्रलाई केन्द्रित गरी आर्थिक विकासको नयाँ मोडेल प्रस्तुत गरेको छ।

पूर्वाधार विकासको क्षेत्रमा प्रदेशहरूले ठूलो सफलता हासिल गरेका छन् जसमा सडक निर्माण, ऊर्जा उत्पादन, सिँचाइ सुविधा विस्तार र आवास विकास लगायतका कार्यक्रमहरू महत्वपूर्ण छन् । सडक निर्माणको क्षेत्रमा कुल सडकको ५५ प्रतिशत सडक प्रदेशहरूले निर्माण गरेका छन् । बागमती प्रदेशले आफ्ना सबै स्थानीय तहको केन्द्रहरूसम्म सडक पहुँच सुनिश्चित गरेको छ। ऊर्जा क्षेत्रमा कोशी प्रदेशले ६५० मेगावाट जलविद्युत उत्पादन गरेको छ भने बागमती प्रदेशले ९९.९७% जनसङ्ख्यामा विद्युत पहुँच सुनिश्चित गरेको छ। सिँचाइको क्षेत्रमा मधेश प्रदेशले ५८.५२% कृषि भूमिमा सिँचाइ सुविधा विस्तार गरेको छ भने आवास विकासमा कोशी प्रदेशले ७,२८४ जनता आवास निर्माण गरेको छ।

सामाजिक क्षेत्रमा शिक्षा र स्वास्थ्य सेवाको विस्तार, लैङ्गिक सशक्तीकरणका कार्यक्रमहरू र सामाजिक सुरक्षाका उपायहरू लागू गरेका छन्। शिक्षाको क्षेत्रमा कोशी प्रदेशले मनमोहन प्राविधिक विश्वविद्यालय स्थापना गरेको छ भने बागमती प्रदेशले "एक विद्यालय-एक नर्स" कार्यक्रम लागू गरेको छ। स्वास्थ्यको क्षेत्रमा कोशी प्रदेशले शैलजा आचार्य हृदय रोग केन्द्र स्थापना गरेको छ भने लुम्बिनी प्रदेशले १,२०० शैयाको प्रादेशिक अस्पताल निर्माण गरेको छ। लैङ्गिक सशक्तीकरणको क्षेत्रमा मधेश प्रदेशले ५०% आरक्षण लागू गरेको छ भने कोशी प्रदेशले १,३५० एकल महिलालाई सीपमूलक तालिम र बीउपूँजी प्रदान गरेको छ।

सुशासन र सुरक्षाको क्षेत्रमा डिजिटल सेवा प्रवाह, भ्रष्टाचारविरुद्धका कार्ययोजनाहरू, प्रहरी भवन निर्माण र सीमा सुरक्षा पोस्टहरू सुदृढीकरण जस्ता कार्यहरू सम्पन्न गरेका छन्।

पर्यावरण संरक्षणको क्षेत्रमा कोशी प्रदेशले वन क्षेत्र ४४.७४% बाट बढाएर ४८.९६% पुर्याएको छ भने बागमती प्रदेशले वार्षिक १० करोडभन्दा बढी वन राजस्व सङ्कलन गरेको छ। जैविक विविधता संरक्षणका कार्यक्रमहरू सफलतापूर्वक कार्यान्वयन गरेका छन्।

प्रदेशहरूले हासिल गरेका उपलब्धिहरूका बावजुद पनि केही गम्भीर चुनौतिहरू अझै पनि विद्यमान छन्। मानव स्रोत अभाव, आर्थिक निर्भरता, भौगोलिक असमानता, अन्तर-तह समन्वयको कमी र राजनीतिक अस्थिरताजस्ता समस्याहरूले सङ्घीयताको पूर्ण सफलतालाई अवरुद्ध गरिरहेका छन्। यी चुनौतिहरूको समाधान गर्न मानव स्रोत व्यवस्थापनमा सुधार, आर्थिक आत्मनिर्भरताको लागि आन्तरिक राजस्व स्रोत विस्तार, भौगोलिक असमानता न्यूनीकरणका उपायहरू, अन्तर-तह समन्वय सुदृढीकरण र राजनीतिक स्थिरता कायम गर्ने आवश्यक छ। समग्रमा नेपालको सङ्घीय अभ्यासले सकारात्मक दिशा निर्देशन गरेको छ तर यसलाई अझ प्रभावकारी बनाउन उपरोक्त चुनौतिहरूको समाधान गर्नु अपरिहार्य छ।

# विषय सूची


२ प्रदेश संरचना ....... 11

२.१ प्रादेशिक संरचना र भौगोलिक अवस्था ....... 11

२.२ प्रशासनिक र कर्मचारी व्यवस्थापन ....... 11

२.३ आर्थिक व्यवस्थापन र लेखा नियन्त्रक कार्यालय ....... 12

२.४ प्रदेश नीति तथा योजना आयोग ....... 13

२.५ प्रदेश लोक सेवा आयोग ....... 13

२.६ प्रादेशिक परिषद्, बोर्ड र प्रतिष्ठान ....... 14

२.७ प्रदेश समन्वय परिषद्को बैठक ....... 15

३. प्रदेश सरकारका उपलब्धिहरू ....... 16

३.१. आर्थिक क्षेत्र ....... 16

३.२. सामाजिक क्षेत्र : शिक्षा, स्वास्थ्य, लैङ्गिक सशक्तीकरण र रोजगारी ....... 18

शिक्षा ....... 18

स्वास्थ्य ....... 18

लैङ्गिक सशक्तीकरण ....... 19

रोजगारी र सामाजिक सुरक्षा ....... 19

३.३. पूर्वाधार क्षेत्र : सडक, ऊर्जा, सिँचाइ र आवास ....... 19

सडक र यातायात ....... 19

ऊर्जा ....... 21

सिँचाइ ....... 21

आवास र भवन विकास ....... 21

३.४. सुशासन, प्रशासनिक सेवा र सुरक्षा ....... 21

३.५. वातावरण, वन तथा जलवायु परिवर्तन क्षेत्र ....... 22

४ सार्वजनिक वित्त व्यवस्थापन ....... 22

सन्दर्भ सामाग्री ....... 35

अनुसूची ....... 37

# १. परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानले नेपालको संरचना सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको हुने भनी सो अनुरूप गरेका संवैधानिक तथा कानूनी व्यवस्था बमोजिम सात प्रदेशको स्थापना भएको छ । प्रत्येक प्रदेशको आफ्नै विशिष्ट भौगोलिक, जनसाङ्ख्यिकीय, सांस्कृतिक र आर्थिक विशेषताहरू छन् । प्रदेशहरूले देशको विविधतालाई प्रतिनिधित्व गर्दछन्।

नेपालको कुल क्षेत्रफल १,४७,५१६ वर्ग किलोमिटर छ, जसमा ७७ जिल्ला, ७५३ पालिका र ६,७४३ वडा रहेका छन्। कुल जनसङ्ख्या २ करोड ९१ लाख ६४ हजार ५७८ छ, साक्षरता दर ७६.१ प्रतिशत, जनघनत्व प्रति वर्ग किलोमिटरमा २०६ जनाको छ, जनसङ्ख्या वृद्धिदर ०.९२ प्रतिशत र औसत आयु ७१.३ वर्ष छ ।

प्रदेशगत रूपमा हेर्दा, कोशी प्रदेश क्षेत्रफलका हिसाबले तेस्रो ठूलो (२५,९०५ वर्ग कि.मी.) भए

**तालिका १ : प्रदेशगत विवरण**

| प्रदेश | क्षेत्रफल (वर्ग कि.मी.) | जिल्ला (सं.) | पालिका (सं.) | वडा (सं.) | जनसङ्ख्या | साक्षरता दर (%) | जनघनत्व (प्रति वर्ग कि.मी.) | जनसङ्ख्या वृद्घि दर (%) | औसत आयु (वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| कोशी | २५,९०५ | १४ | १३७ | १,१५७ | ४९,६१,४१२ | ७९.७ | १९२ | ०.८६ | ७०.४ |
| मधेश | ९,६६१ | ८ | १३६ | १२७१ | ६१,१४,६०० | ६३.५ | ६३३ | १.१९ | ७१.८ |
| बागमती | २०,३०० | १३ | ११९ | 1121 | ६१,१६,८६६ | ८२.१ | ३०१ | ०.९७ | 72.4 |
| गण्डकी | २१,५०४ | ११ | ८५ | ७५९ | २४,६६,४२७ | ८१.७ | ११५ | ०.२५ | 72.१ |
| लुम्बिनी | २२,२८८ | १२ | १०९ | ७१८ | ५१,२२,०७८ | ७८.१ | २३० | १.२४ | ६९.५ |
| कर्णाली | २७,९८४ | १० | ७९ | ३३० | १६,८८,४१२ | ७६.१ | ६० | ०.७० | ७२.५ |
| सुदूरपश्चिम | १९,५३९ | ९ | ८८ | ७३४ | २६,९४,७८३ | ७६.२ | १३८ | ०.५२ | ७१.३ |
| नेपाल | १४७,५१६ | ७७ | ७५३ | ६,७४३ | २,९१,६४,५७८ | ७६.१ | २०६ | ०.९२ | ७१.३ |

स्रोत : केन्द्रीय तथ्याङ्क कार्यालय, २०७८ ।

पनि यसको जनसङ्ख्या ४९ लाख ६१ हजार ४१२ र साक्षरता दर ७९.७ प्रतिशत छ। जनसङ्ख्याको आधारमा मधेश प्रदेश दोस्रो ठूलो (६१ लाख १४ हजार ६००) हो जहाँ सबैभन्दा बढी जनघनत्व (६३३ प्रति वर्ग कि.मी.) छ, तर साक्षरता दर तुलनात्मक रूपमा

कम (६३.५ प्रतिशत) छ ।बागमती प्रदेशको जनसङ्ख्या सबभन्दा बढी (६१ लाख १६ हजार ८६६) छ जहाँ साक्षरता दर उच्च (८२.१ प्रतिशत) छ ।

गण्डकी प्रदेशमा साक्षरता दर ८१.७ प्रतिशत र जनसङ्ख्या २४ लाख ६६ हजार ४२७ छ, तर जनघनत्व कम (११५ प्रति वर्ग कि.मी.) छ ।लुम्बिनी प्रदेशको जनसङ्ख्या ५१ लाखभन्दा बढी र जनसङ्ख्या वृद्धिदर १.२४ प्रतिशत छ, जुन सबैभन्दा उच्च वृद्धिदर हो ।कर्णाली प्रदेश क्षेत्रफलका हिसाबले सबैभन्दा ठूलो (२७,९८४ वर्ग कि.मी.) भए पनि जनघनत्व सबैभन्दा कम (६० प्रति वर्ग कि.मी.) र जनसङ्ख्या १६ लाख ८८ हजार ४१२ मात्र छ ।सुदूरपश्चिम प्रदेशको क्षेत्रफल १९,५३९ वर्ग कि.मी. र जनसङ्ख्या २६ लाख ९४ हजार ७८३ छ ।

प्रदेशको स्थायी राजधानी तोक्न र नामकरण गर्नको लागि लामै बहस चलेको थियो तथापि सबै प्रदेशहरूले स्थायी राजधानी र नाम प्रदेशसभाको पहिलो कार्यकालमा नै प्राप्त गरेका छन् । सुदूरपश्चिम प्रदेशले प्रदेशसभाको निर्वाचन सम्पन्न भएको केही महिना भित्रै सबैभन्दा पहिला नामकरण गरेको थियो भने सबैभन्दा पछि कोशी प्रदेशले पहिलो कार्यकाल सकिनै लागेको वर्षको अन्त्यतिर नामकरण गरेको हो

**तालिका २ : प्रदेशका राजधानी र नामकरण भएको मिति**

| प्रदेश | राजधानी | नामकरण मिति |
|---|---|---|
| कोशी | विराटनगर | २०७९ फागुन १७ गते |
| मधेश | जनकपुरधाम | २०७८ माघ ३ गते |
| बागमती | हेटौडा | २०७६ पौष २७ गते |
| गण्डकी | पोखरा | २०७५ असार २२ गते |
| लुम्बिनी | राप्ती उपत्यका (देउखुरी) | २०७७ साल असोज २० गते |
| कर्णाली | विरेन्द्रनगर | २०७७ साल असोज २० |
| सुदूरपश्चिम | धनगढी | २०७४ साल फागुन २१ गते |

स्रोत : प्रदेशको वेबसाइटबाट

## १.२ सङ्घीयताको उठान

नेपालको अन्तरिम शासन विधान २००७ को धारा ६ मा सरकारले ग्राम पञ्चायतहरु खडा गरी तिनीहरुलाई स्वायत्त शासन संस्थाको रुपमा काम गर्न आवश्यक अधिकार दिनेछ भन्ने व्यवस्था गरेबाट नेपालमा सङ्घीयताको बिजारोपण २००७ सालमा नै भएको पुष्टी हुन्छ। राणा शासनको पतन र प्रजातान्त्रिक व्यवस्थाको शुरुआतसँगै नेपाल तराई काँग्रेसले २००८ सालमा स्वायत्त तराई प्रदेशको माग गरी सङ्घीयताको माग गरेको थियो । २००८ सालमा भएको नेपाल कम्युनिष्ट पार्टीको पहिलो सम्मेलनले क्षेत्रीय र स्थानीय सरकारको व्यवस्था गर्न माग गरेको थियो । २००९ सालमा भएको नेपाली काँग्रेसको जनकपुर महाधिवेशनले अञ्चल, जिल्ला, नगर गाउँसहितको नयाँ संरचना प्रस्ताव गरेको थियो। २०४८ सालको निर्वाचनपछि बनेको प्रतिनिधिसभामा गजेन्द्र नारायण सिंह नेतृत्वको नेपाल सद्भावना पार्टीले नेपाललाई पूर्वी मधेश, पश्चिम मधेश, पूर्वी पहाड, मध्य पहाड र पश्चिम पहाड गरी

पाँच प्रदेशको सङ्घीय संरचनामा लैजानु पर्ने माग गरेको थियो । डा. बाबुराम भट्टराई नेतृत्वको तत्कालीन नेकपा माओवादीको वैधानिक मोर्चा संयुक्त जनमोर्चा नेपालले तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा समक्ष बुझाएको ४० बुँदे ज्ञापनपत्रमा जनजाति बाहुल्य क्षेत्रमा स्वायत्त शासन, पिछडिएको क्षेत्रमा क्षेत्रीय स्वायत्तता, पहाड र तराईको क्षेत्रीय भेदभाव अन्त्य गर्न माग गर्दै राज्य पुनर्संरचनाको माग गरेको थियो ।

नेपालको अन्तरिम संविधान २०६३ ले सङ्घीयताको सवाललाई सम्वोधन नगरेको कारण उक्त संविधान प्रति असहमति जनाउँदै उपेन्द्र यादव नेतृत्वको तत्कालीन मधेशी जनअधिकार फोरम नेपालले गरेको मधेश आन्दोलनलाई सम्बोधन गर्न अन्तरिम संविधानमा गरिएको चौथो संशोधनपछि सङ्घीयताले औपचारिक रुपमा प्रवेश पाएको हो। अन्तरिम संविधानको धारा ४ मा नेपाल एक स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी, सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो भनी परिभाषित गरिएको थियो। र नेपालको संविधान २०७२ ले सङ्घीयतालाई वैधानिकता प्रदान गरेको हो। शासन प्रणालीमा सबै वर्ग, जाति, समुदायको पहिचान, प्रतिनिधित्व र पहुँचका लागि नै नेपाललाई सङ्घीय प्रणालीमा लगिएको हो । पहिचान, प्रतिनिधित्व र पहुँचको सुनिश्चितताका लागि नेपालको संविधानको धारा ५७ ले राज्यशक्तिको स्रोत सङ्घ, प्रदेश र स्थानीय तहमा बाँडफाँट गरेको छ। नेपालको संविधानको मेरुदण्ड सङ्घीयता हो भने सङ्घीयताको मुटु नै प्रादेशिक संरचना हुन ।

## १.३ अध्ययनको औचित्य तथा उद्देश्य

संविधान जारी भएको १० वर्ष पुरा भयो। प्रदेश सरकारहरू स्थापना भएको ८ वर्ष भयो । सङ्घीयताको अभ्याससँगै प्रदेश सरकारको उपस्थितिले तहगत समन्वय सहज भएको छ। संविधान तथा कानून वमोजिम प्राप्त अधिकारको दायरामा रहेर सातवटै प्रदेश सरकारहरूले भौतिक पूर्वाधार निर्माण, सामाजिक विकास, कानूनी संरचना निर्माण, तहगत सम्बन्ध विकास लगायतका बहुआयमिक क्षेत्रमा महत्वपूर्ण कार्यहरू गरेका छन् । प्रविधिको विकास र विस्तार, सूचना व्यवस्थापन र प्राविधिक ज्ञानको प्रसारमा समेत प्रदेश सरकारहरूका भूमिका अपरिहार्य छन् । तर, यसको व्यवस्थित रूपमा अध्ययन र विश्लेषण भएको छैन । प्रदेश सरकारका हालसम्मका कार्यबाट हासिल गरेका उपलब्धिको सम्बन्धमा उपलब्ध तथ्य र तथ्याङ्कहरूको आधारमा अध्ययन र विश्लेषण गरिएको छ ।

प्रदेश सरकार सञ्चालनका देखिएका समस्याहरूको बारेमा अध्ययन गरी तिनका समाधानका विकल्प र सुझाव प्रस्तुत गर्न यो अनुसन्धान गरिएको छ । प्रदेश सरकारहरूको सामुन्नेमा रहेका चुनौतीहरू पहिचान गरी सो को सामना गर्ने उपायहरू समेत सिफारिस गर्नको लागि यो अध्ययन सहयोगी हुनेछ । यसका साथै सातवटै प्रदेश सरकारले आफ्नो स्थापना कालदेखि हालका दिनसम्मको यात्रा तय गर्दा हासिल गरेका उपलब्धि तथा अबका दिनमा रहेका

चुनौतिका सम्बन्धमा जानकारी, तथ्य, तथ्याङ्कको उपलब्धता र सम्बन्धित विषयमा अध्ययन अनुसन्धानका लागि सन्दर्भ सामाग्री समेतका लागि प्रस्तुत अध्ययन प्रतिवेदन उपयोगी हुनेछ। यस किसिमको तथ्यपूर्ण अध्ययनको निष्कर्षका आधारमा आगामी दिनमा तीन तहका सरकारबीच प्रभावकारी समन्वय एवम् सुदृढ अन्तर-सम्बन्धका लागि विषय केन्द्रित बहस/पैरवी चलाउनसमेत सहज हुन्छ। यस अध्ययनले प्रदेशहरूलाई बलियो बनाउन र सङ्घीयता सबलीकरण गर्न समेत मद्दत पुग्ने अपेक्षा गरिएको छ।

## १.४ अनुसन्धान विधि तथा सीमा

यस अध्ययनमा उल्लेख गरिएका तथ्य तथा तथ्याङ्कहरू द्वितीय स्रोतमा आधारित छन्। सात वटै प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्का कार्यालयहरू, प्रदेशसभा, सम्बन्धित मन्त्रालय, निकाय, महालेखा नियन्त्रक कार्यालय, महालेखा परीक्षकको प्रतिवेदन, सङ्घीय संसद तथा राष्ट्रिय सभाले गरेका अध्ययन प्रतिवेदन, प्रदेश मन्त्रालयका वार्षिक प्रगति प्रतिवेदन, प्रदेश लेखा नियन्त्रक कार्यालय तथा प्रदेश सरकारको आर्थिक सर्वेक्षण, आमसञ्चार माध्यममा प्रकाशित समाचारलाई प्रतिवेदनका तयारीको आधारको रूपमा ग्रहण गरिएको छ। प्रकाशन नभएका सूचनाहरूका लागि सम्बन्धित मन्त्रालयबाट सूचना माग गरी औपचारिक र प्रमाणित सूचनालाई प्रतिवेदनको अङ्ग बनाइएको छ।

प्रदेशहरूले गरेका प्रयास र प्राप्त गरेका उपलब्धि व्यवस्थित रुपमा प्रस्तुत गर्न सकेको छैन । प्रदेशका मन्त्रालय र विभिन्न निकायहरूले पहिले राखिएका दस्तावेज अहिले वेवसाइटमा भेटिदैनन् । यसले गर्दा प्रदेशका काम कारवाही बारेमा बुझ्न, खोज्न र अध्ययन गर्न कठिन भएको छ । यस अध्ययनका लागि पनि तथ्याङ्क खोज्दा समस्या भएको थियो ।

प्रतिवेदन तयार गर्ने क्रममा आवश्यक तथ्याङ्क तथा विवरण एकीकृत रूपमा प्राप्त हुन सकेनन्। बहु-निकायबाट तथ्याङ्क प्राप्त गर्दा समयका हिसावले कतिपय तथ्याङ्कमा फरक-फरक अवधि हुन पुगेको छ । सबै निकायमा सूचनाहरू तयारी अवस्थामा नरहने स्थितिले प्राप्त सूचनाको आधिकारिकताको अभावमा प्रमाणित नभएका केही तथ्य/सूचनाहरूलाई यस प्रतिवेदनमा समावेश गर्न सक्ने स्थिति रहेन।

प्रस्तुत अध्ययन प्रतिवेदनले प्रदेश सरकारहरूले स्थापनादेखि आ.व. २०८१/८२ सम्मको अवधिमा विषयगत क्षेत्रमा हासिल गरेका मुख्य मुख्य उपलब्धि र आउँदो दिनका लागि सतहमा देखिएका मुख्य-मुख्य व्यवधानहरू सम्मको जानकारी प्रदान गर्दछ। त्यसभन्दा बाहिर रहेर वा यसै विषयमा थप सुक्ष्म अध्ययन तथा विश्लेषण प्राप्त गर्ने प्रयोजनमा यो संक्षिप्त प्रतिवेदनले उपलब्ध गराउने जानकारी र सूचना अपर्याप्त हुनसक्छ।

## २ प्रदेश संरचना

### २.१ प्रादेशिक संरचना र भौगोलिक अवस्था

नेपालको सङ्घीय संविधानले सात प्रदेशको संरचना र ७५३ स्थानीय तहको व्यवस्था गरेको छ । प्रत्येक प्रदेशको भूगोल, जनसङ्ख्या, जिल्लाको सङ्ख्या र निर्वाचन क्षेत्र फरक-फरक छन् । भौगोलिक हिसाबले कर्णाली प्रदेश सबैभन्दा ठूलो (२७,९८४ वर्ग कि.मी.) भए पनि जनसङ्ख्या कम (५.७९%) छ । अर्कोतर्फ, मधेश प्रदेश सानो क्षेत्रफल (९,६६१ वर्ग कि.मी.) मै सबैभन्दा दोस्रो बढी जनसङ्ख्या (२०.९७%) अटाएको छ । यसरी जनघनत्व र स्रोत-साधनको वितरणमा ठूलो असमानता छ ।

राजनीतिक प्रतिनिधित्वका हिसाबले प्रतिनिधिसभामा १६५ प्रत्यक्ष निर्वाचन क्षेत्र, प्रदेशसभामा ३३० प्रत्यक्ष निर्वाचन क्षेत्र र ६,७४३ वडा छन् । सङ्घीय शासनलाई स्थानीय स्तरसम्म पुऱ्याउने प्रयास भएको छ । तर, भौगोलिक कठिनाइ, दुर्गमता र स्रोतको असमान वितरणले सेवाप्रवाहमा असमानता भएको छ ।

### २.२ प्रशासनिक र कर्मचारी व्यवस्थापन

संविधानको धारा ३०२ अनुसार कर्मचारी समायोजन ऐन २०७५ ल्याई सङ्घ, प्रदेश र स्थानीय तहबीच कर्मचारी विभाजन गरिएको छ । नेपाल सरकारले प्रदेश सरकार अन्तर्गतका १,२८२ निकायका लागि २६,३४१ दरबन्दी स्वीकृत गरे पनि करिब ११,०५९ पद अझै रिक्त छन् । मधेश प्रदेशमा ४,११९ दरबन्दीमध्ये ३,००१ पदमा कर्मचारी भर्ना भएका छन् । कर्णाली प्रदेशमा २,९२९ दरबन्दीमध्ये ८४४ पद खाली छन् । यसले प्रदेश स्तरमा सेवाप्रवाहमा अवरोध सिर्जना गरेको छ। कर्मचारी नपुगेकाले नीति निर्माण, बजेट कार्यान्वयन, अनुगमन र

तालिका ३ : प्रदेश सरकारको कुल दरबन्दी विवरण

| प्रदेश | मन्त्रालय र निकाय सङ्ख्या | कुल दरबन्दी सङ्ख्या | पदपुर्ति सङ्ख्या | रिक्त सङ्ख्या |
|---|---|---|---|---|
| **कोशी** | 198 | 3984 | 1779 | 2205 |
| **मधेश** | 149 | 4119 | 3001 | 1118 |
| **बागमती** | 206 | 4272 | 2814 | 1458 |
| **गण्डकी** | 216 | 3302 | 1485 | 1817 |
| **लुम्बिनी** | 198 | 4587 | 2510 | 2077 |
| **कर्णाली** | 155 | 2929 | 2085 | 844 |
| **सुदूरपश्चिम** | 160 | 3148 | 1608 | 1540 |
| **जम्मा** | 1282 | 26341 | 15282 | 11059 |

स्रोत : महालेखा परीक्षकको ६० औं प्रतिवेदन

विकास कार्यक्रम प्रभावित भएको छ । सङ्घीयताको मूल आत्मा "सेवा नजिकै पुऱ्याउने" भए पनि कर्मचारी अभावले जनतामा असन्तुष्टि बढाएको छ । सङ्घीय शासनलाई प्रभावकारी बनाउन कर्मचारी व्यवस्थापन र क्षमता अभिवृद्धि अपरिहार्य छ।

## २.३ आर्थिक व्यवस्थापन र लेखा नियन्त्रक कार्यालय

नेपालको अर्थतन्त्रले पछिल्लो दशकमा उल्लेखनीय प्रगति गरेको छ । कुल गार्हस्थ्य उत्पादन (जिडिपी) र प्रति व्यक्ति आयमा निरन्तर वृद्धि भएको छ । आ.व. २०७२/७३ मा २,६०८ अर्ब रुपैयाँ रहेको जिडिपी २०८१/८२ मा ६,१०७ अर्ब पुगेको छ, जुन लगभग १३५% वृद्धि हो । त्यस्तै प्रति व्यक्ति आय ९,४४० रुपैयाँबाट बढेर २०,३५४ रुपैयाँ पुगेको छ। मुद्रास्फीति दर स्थिर रहँदै आएको र आधारभूत मूल्यमा सन्तुलित वृद्धिले मूल्य स्थिरतामा सकारात्मक प्रभाव पारेको छ। तथापि, आ.व. २०७६/७७ मा जिडिपी वृद्धिदर -२.४२% मा झरेको थियो, जुन प्राकृतिक प्रकोप र वैश्विक आर्थिक अस्थिरताको प्रभाव हो ।

**तालिका ४: प्रमुख आर्थिक सूचकहरू**

| आर्थिक वर्ष | कुल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्य, रु अर्बमा) | प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन (रू.) | प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन (अमेरिकी डलर) | कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा, %) | कुल गार्हस्थ्य उत्पादन (उपभोक्ता मूल्यमा, %) | विप्रेषण आय (कुल गार्हस्थ्य उत्पादन, %) | कुल राजस्व (कुल गार्हस्थ्य उत्पादन, %) |
|---|---|---|---|---|---|---|---|
| **2072/73** | 2608 | 9440 | 888 | 0.00 | 0.43 | 25.50 | 16.1 |
| **2073/74** | 3077 | 11036 | 1039 | 8.59 | 8.98 | 22.60 | 17.8 |
| **2074/75** | 3456 | 12282 | 1177 | 7.37 | 7.62 | 21.85 | 19.1 |
| **2075/76** | 3859 | 13589 | 1204 | 6.39 | 6.66 | 22.79 | 18.9 |
| **2076/77** | 3889 | 13569 | 1167 | -2.42 | -2.37 | 22.50 | 18.0 |
| **2077/78** | 4353 | 15050 | 1277 | 4.49 | 4.84 | 22.08 | 20.0 |
| **2078/79** | 4977 | 17051 | 1411 | 5.28 | 5.63 | 20.24 | 19.8 |
| **2079/80** | 5367 | 18220 | 1393 | 2.29 | 1.98 | 23.12 | 16.1 |
| **2080/81** | 5709 | 19203 | 1443 | 3.36 | 3.67 | 25.32 | 16.5 |
| **2081/82** | 6107 | 20354 | 1496 | 3.99 | 4.61 | 25.89 | 16.9 |

**स्रोत : आर्थिक सर्वेक्षण २०८१/८२, अर्थ मन्त्रालय**

संविधानको धारा ५९ ले सङ्घ, प्रदेश र स्थानीय तहलाई आफ्ना आर्थिक अधिकार प्रयोग गर्ने व्यवस्था गरेको छ । यसैअनुसार प्रत्येक प्रदेशमा लेखा नियन्त्रक कार्यालय स्थापना गरिएको छ ।

यस कार्यालयले सञ्चित कोष सञ्चालन, वार्षिक वित्तीय विवरण तयार गर्ने, आन्तरिक लेखापरीक्षण गर्ने र सङ्घीय महालेखा परीक्षकलाई प्रतिवेदन बुझाउने कार्य गर्छ । साथै, प्रदेशमा आउने अनुदान, राजस्व बाँडफाँट, आन्तरिक आय र ऋण अनुदानको लेखाङ्कन गर्ने जिम्मेवारी पनि यसकै हो । सङ्घीय वित्तीय अनुशासन कायम गर्न यी कार्यालयहरू महत्त्वपूर्ण भए पनि प्राविधिक दक्षता, जनशक्ति र प्रविधिगत क्षमता अझै अभाव छ । लेखा नियन्त्रक कार्यालय सङ्घीय वित्तीय सुशासनको मेरुदण्ड हो तर यसको कार्यक्षमता अझै सुदृढ गर्नुपर्ने आवश्यकता छ ।

## २.४ प्रदेश नीति तथा योजना आयोग

संविधानले सातै प्रदेशमा दीर्घकालीन, मध्यमकालीन र अल्पकालीन योजना निर्माण गर्ने जिम्मेवारीसहित नीति तथा योजना आयोग गठन गरेको छ । यी आयोगहरूले प्रदेशको विकास रणनीति बनाउने, वार्षिक कार्यक्रम तयार गर्ने, योजनाको अनुगमन र मूल्याङ्कन गर्ने काम गर्छन् । साथै, दिगो विकास लक्ष्यलाई प्रादेशिकरण गर्ने जिम्मेवारी पनि यसै आयोगको छ ।

प्रदेशमा विकास योजना बनाउँदा भौगोलिक असमानता, स्रोत-साधनको उपलब्धता र स्थानीय प्राथमिकता अनुसार नीति तर्जुमा गर्नुपर्ने चुनौती छ । नीति तथा योजना आयोग सङ्घीयतामा विकास योजनाको प्रादेशिक अनुकूलन गर्ने प्रमुख निकाय हो, तर यसको प्रभावकारिता राजनीतिक हस्तक्षेप र स्रोत-साधन व्यवस्थापनमा निर्भर छ ।

## २.५ प्रदेश लोक सेवा आयोग

संविधानको धारा २४४ अनुसार सातै प्रदेशमा लोक सेवा आयोग स्थापना भइसकेका छन् । यी आयोगहरूले प्रदेश र स्थानीय तहका लागि आवश्यक जनशक्ति छनोटमा योग्यता, निष्पक्षता र पारदर्शिता कायम गर्ने उद्देश्य राखेका छन् । आयोगहरूले कर्मचारी नियुक्ति, पाठ्यक्रम निर्धारण, परीक्षा सञ्चालन र परामर्श दिने काम गर्दै आएका छन् । यसले प्रदेश र स्थानीय तहमा कर्मचारी अभाव समाधान गर्न महत्त्वपूर्ण योगदान दिएको छ ।

तर, आयोगहरूको अनुभव, दक्षता र स्वायत्ततामाथि प्रश्न उठ्ने गरेका छन् । नयाँ संरचना भएकाले सङ्घीय आयोगसँगको दोहोरोपना पनि छ । प्रदेश लोक सेवा आयोगले सङ्घीय शासनलाई बल पुऱ्याउने आधार तयार गरेको छ, तर यसको संस्थागत स्थायित्व अझै सुदृढ गर्नुपर्नेछ।

## २.६ प्रादेशिक परिषद्, बोर्ड र प्रतिष्ठान

संविधानले प्रदेशलाई आफ्ना अधिकार क्षेत्रमा विभिन्न परिषद्, बोर्ड र प्रतिष्ठान गठन गर्ने अधिकार दिएको छ । यसै आधारमा सातै प्रदेशमा खेलकुद परिषद्, युवा परिषद्, सहकारी बोर्ड र केहीमा प्रादेशिक विश्वविद्यालय समेत स्थापना भएका छन् । यी संस्थाहरूले युवा क्षमता विकास, सहकारी सुदृढीकरण, खेलकुद प्रवर्द्धन र उच्च शिक्षामा पहुँच विस्तार गर्ने लक्ष्य लिएका छन्।

युवालाई राष्ट्रको मेरुदण्ड मानिँदै उनीहरूको ऊर्जा र सिर्जनशीलतालाई उपयोग गर्ने उद्देश्यले युवा परिषद् स्थापन गरिएको हो । त्यस्तै सहकारी बोर्डले उत्पादन र बजार व्यवस्थापनलाई प्रोत्साहन गर्ने भूमिका खेलिरहेको छ । यी अतिरिक्त संस्थाहरूले प्रदेश स्तरमा सामाजिक, आर्थिक र सांस्कृतिक विकासमा योगदान गरे पनि स्रोत, दक्षता र राजनीतिक हस्तक्षेपले तिनको प्रभावकारिता सीमित पार्न सक्छ ।

नेपालको अन्तरिम संविधान २०६३ले पहिलो पटक मिश्रित निर्वाचन प्रणालीको प्रावधानलाई अङ्गालेको हो।नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारको व्यवस्था गरे बमोजिम २७५ सदस्यीय प्रतिनिधि सभामा प्रत्यक्षतर्फ १६५ वटा निर्वाचन क्षेत्र छुट्याएको छ । प्रत्येक प्रतिनिधिसभा निर्वाचन क्षेत्रमा दुईवटा प्रदेशसभाको लागि निर्वाचन क्षेत्र छुट्याए अनुसार प्रत्यक्षतर्फ जम्मा ३३० वटा प्रदेशसभा निर्वाचन क्षेत्र छन् । सङ्घीयताको कार्यान्वयनसँगै नेपालमा ७५३ वटा स्थानीय तह र ६,७४३ वटा वडाहरू बने ।

सङ्घीय मन्त्रिपरिषद्बाट स्वीकृत नमूना बमोजिम संविधानको धारा १७४ को उपधारा (१) बमोजिम प्रदेश सरकारको पहिलो मन्त्रिपरिषद्बाट प्रत्येक प्रदेशमा सात वटा मन्त्रालय रहने गरी कार्यविभाजन गरेर नियमावली बनाएइएको थियो । राजनीतिक अस्थिरता र उतारचढावका कारण कार्यविभाजन नियमावलीमा पटकपटक संशोधन गरी भागवण्डा मिलाउन मन्त्रालयको सङ्ख्या बढाउने गरिएको छ। दुई वा दुई भन्दा बढी दल नमिली सरकार नबन्ने र सङ्घमा राजनीतिक गठबन्धन परिवर्तन हुँदा त्यसको असर प्रदेशमा पनि पर्ने गरेका कारण मन्त्रालयको सङ्ख्या बढाउने गरेको छ।

प्रदेश सरकारमा अधिकार सम्पन्न सङ्घीय प्रशासन पुनर्संरचना समितिको प्रतिवेदन, २०७४ ले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सहित प्रदेश मन्त्रालयको सङ्ख्या ७ हुनुपर्ने

सिफारिस गरेकामा सातवटै प्रदेशमा एकै किसिमका नाम राखेर एक रुपता कायम गरिएको थियो भने हाल मन्त्रालयका नाम पनि प्रदेशहरुले फरक फरक राखेका छन् ।

## २.७ प्रदेश समन्वय परिषद्को बैठक

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ले प्रदेशका मुख्यमन्त्रीको संयोजकत्व तथा मन्त्री, सचिव, जिल्ला समन्वय समितिका प्रमुख तथा उपप्रमुख र पालिका प्रमुख तथा उपप्रमुखहरू सदस्य रहनेगरी प्रदेश समन्वय परिषद्को व्यवस्था गरेको छ । प्रदेश तथा स्थानीयत तहले गर्ने कामकाजमा समाञ्जस्यता, प्राकृतिक साधनस्रोतको उपयोग तथा बाँडफाँट, योजना निर्माण तथा व्यवस्थापन र साझा सवालका विषयहरूमा समन्वय गर्ने उद्देश्यले यस परिषद्को परिकल्पणा गरिएको छ ।

प्रदेश तथा स्थानीय तहका साझा सवालहरूबारे छलफल तथा रणनीति निर्णयहरू प्रदेश समन्वय परिषद्को बैठकबाट हुने गरेको छ । तर सातवटै प्रदेशको प्रदेश समन्वय परिषद्को बैठक, कार्यशैली र प्रभावकारितामा उल्लेखनीय भिन्नता छ । कर्णाली प्रदेशले अहिलेसम्मा प्रदेश समन्वय परिषद्को बैठक जम्मा दशवटा सम्पन्न गरेको छ । त्यस्तै गण्डकी र लुम्बिनी प्रदेशहरूले गत आर्थिक वर्षसम्ममा सात-सात पटक बैठक गरेका छन् । कोशी

**तालिका ५ : प्रदेश समन्वय परिषद्को बैठक विवरण**

| प्रदेश | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | छैटौं | सातौं | आठौं | नवौ | दशौं |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **कोशी** | २०७५/५/१७ | २०७६/२/१७ | २०७६/९/२८-२९ | २०७९/२/२४ | २०८०/१/४ | २०८१/१/२० | | | | |
| **मधेश** | २०७५/५/१९ | २०७६/२/१७ | २०७६/९/२६-२७ | २०८०/४/१९ | | | | | | |
| **वागमती** | २०७५/२/७-८ | २०७६/२/२९-३० | २०७७/१२/१२ | २०८१/१/२० | | | | | | |
| **गण्डकी** | २०७५/२/१४ | २०७५/११/१२ | २०७६/३/३-४ | २०७९/१/६ | २०७९/१२/१९ | २०८०/८/६ | २०८१/२/९ | | | |
| **लुम्बिनी** | २०७५/६/९-१० | २०७६/१/३० | २०७६/६/६ | २०७७/१०/१८ | २०७८/१२/२ | २०७९/५/२७ | २०८०/१०/४ | | | |
| **कर्णाली** | २०७५/१०/१४-१५ | २०७६/०९/१०-११ | २०७७/१२/२८ | २०७८/३/२५ | २०७८/१०/१३ | २०७९/५/२८ | २०८०/२/२-३ | २०८१/३/२२ | २०८२/१/२५ | २०८२/५/१७ |
| **सुदूरपश्चिम** | २०७५/६/२२ | २०७६/२/१२ | २०७७/९/२८ | २०८०/१/१९ | २०८१/२/२३ | | | | | |
| **स्रोत : गाउँपालिका राष्ट्रिय महासङ्घ नेपाल २०८१** | | | | | | | | | | |

प्रदेशले छवटा बैठक बसेको छ भने सुदूरपश्चिम प्रदेशले पाँचवटा बैठक गरेको छ । सबैभन्दा कम बैठक बसेको मधेश र बागमती प्रदेशमा चार पटक मात्र हो । प्रदेश समन्वय परिषद्को बैठक सबभन्दा पहिला बागमती प्रदेशले २०७५ साल जेष्ठ ७ र ८ गते गरेको थियो भने दोस्रोमा गण्डकी प्रदेशले २०७५ साल जेष्ठ १४ गते गरेको थियो । कुनै कुनै प्रदेशले परिषद्को बैठक दुई दुई दिन पनि गरेका छन् ।

## ३. प्रदेश सरकारका उपलब्धिहरू

प्रदेशमा प्रदेश सरकारले पूर्वाधार क्षेत्रको विकास निर्माणमा उल्लेखनीय उपलब्धि हासिल गरेका छन् । शिक्षा, आमसञ्चार व्यवस्थापनमा बागमती प्रदेश अन्य प्रदेशका लागि उदाहरणीय काम गरेको छ । प्रदेश राजधानीको पूर्वाधार निर्माणमा लुम्बिनी प्रदेशले अग्रणी भूमिका खेलेको छ । प्रदेश संरचनालाई व्यवस्थित गर्ने मामिलामा गण्डकी प्रदेश अगाडि छ। सार्वजनिक नीजि साझेदारीका परियोजना निर्माणमा कोशी प्रदेश अगाडि छ । महिलाको हक हित प्रवर्द्धन गर्ने सामाजिक क्षेत्रमा मधेश प्रदेश अगाडि छ । कृषि क्षेत्रलाई अगाडि बढाउन कृषि बिमा कार्यक्रम लागू गर्ने मामिलामा सुदुरपश्चिम प्रदेश सरकारले उल्लेखनीय काम गरेको छ । खेलकुद पूर्वाधार र स्वास्थ्य पूर्वाधारमा कर्णाली प्रदेशको अग्रसरता अनुकरणीय छ ।

### ३.१. आर्थिक क्षेत्र

नेपालको सङ्घीय संरचनामा सातै प्रदेशहरू आ-आफ्नो भौगोलिक विशेषता, स्रोत-साधन, प्राथमिकता र आर्थिक दृष्टिकोणमा फरक छन्। प्रदेशहरूको आर्थिक गतिविधि मुख्यतः कृषि, उद्योग, व्यापार, पर्यटन र सेवा क्षेत्रमा केन्द्रीत छन्, तर प्रदेशगत उत्पादकत्व, लगानी र रोजगारीमा उल्लेखनीय असमानता छ।

कोशी प्रदेशले सार्वजनिक-नीजि साझेदारी प्रवर्द्धनको काम राम्ररी अगाडि बढाएको छ । प्राधिकरणमार्फत ९६ परियोजनाको पूर्व-सम्भाव्यता र १८ परियोजनाको सम्भाव्यता अध्ययन सम्पन्न गरी सात परियोजना सञ्चालनमा ल्याएको छ। २०८२ साल बैशाखमा आयोजित लगानी सम्मेलनले स्वदेशी र विदेशी लगानीकर्तालाई प्रदेशमा आकर्षित गर्ने नीति स्पष्ट गरेको छ। कृषि क्षेत्रमा बीउ-भण्डारण, चिस्यान गृह र शीत भण्डारण विस्तार गरी खाद्यान्न सुरक्षा सुदृढ गरेको छ। औद्योगिक क्षेत्रमा ३० हजारभन्दा बढी व्यक्तिलाई उद्यमशीलता तालिम प्रदान गरेको छ। यसले प्रदेशमा लघु उद्यमहरूमा रोजगारी र आय स्रोत विस्तार गरेको छ।

मधेश प्रदेशलाई नेपालको कृषिको मेरुदण्डको रूपमा चिनिन्छ । कुल गार्हस्थ्य उत्पादनको ३५.१९% योगदान कृषि क्षेत्रले दिन्छ। मधेशमा ५८.५२% कृषि भूमि सिँचित छ, जुन राष्ट्रिय औसतभन्दा बढी छ। दुध, मासु, अण्डा र माछा उत्पादनमा वृद्धि भएको छ। पशुपालन र तरकारी खेती विस्तारसँगै किसान कार्ड, महिला कृषि स्वयंसेविका, माटो परीक्षण प्रयोगशाला र कृषिमिटर जस्ता नवप्रवर्तनात्मक पहलले कृषिलाई आधुनिकिकरणतर्फ उन्मुख बनाएको छ।

बागमती प्रदेशले औद्योगिक संरचनामा सबैभन्दा धेरै उपलब्धि हासिल गरेको छ। नेपालको कुल दर्ता उद्योगको करिब ७०% बागमती प्रदेशमा छन्। उद्योग र व्यापार क्षेत्रले कुल गार्हस्थ्य उत्पादनको ११.१% योगदान पुर्‍याउँछ। कृषि क्षेत्रमा धान, मकै, आलु, फलफूल र तरकारीको उत्पादकत्व राष्ट्रिय औसतभन्दा उच्च छ। धान उत्पादनमा १७.७२% र मकैमा १९.२८% वृद्धि भएको छ। सेवा क्षेत्रको विस्तार र कर सङ्कलन पनि बागमती प्रदेशमा एकदमै राम्रो छ । यसले प्रदेशको अर्थतन्त्रलाई बलियो बनाएको छ।

सेवा र पर्यटनतर्फ गण्डकी प्रदेशको अर्थतन्त्रतर्फ उन्मुख छ। सडक सन्जाल, हवाई सेवाको विस्तार (पोखरा अन्तर्राष्ट्रिय विमानस्थल) र होमस्टे प्रवर्द्धनले पर्यटन आयमा वृद्धि गरेको छ। प्रदेशको कुल सडक हिस्सा १७.७५% छ र ९९% परिवार यातायात पहुँचमा छन्। औद्योगिक ग्राम घोषणा र उद्यमशीलता कर्जा कार्यक्रमले स्थानीय उद्योग पुनरुत्थानमा सहयोगी बनेको छ।

लुम्बिनी प्रदेशमा औद्योगिक विकास तीव्र रूपमा भइरहेको छ। प्रदेशको उद्योग नीति र लगानी सम्मेलनले राष्ट्रिय तथा विदेशी लगानी प्रवाहमा वृद्धि गरेको छ। भैरहवा-बुटवल औद्योगिक करिडोर, विशेष आर्थिक क्षेत्र र लुम्बिनी पर्यटन क्षेत्रले रोजगारी सिर्जना गरेको छ।

कर्णाली प्रदेशको अर्थतन्त्र कृषिमा आधारित छ। यहाँको उत्पादन संरचनामा अन्न र पशुपालनसँगै जडीबुटी पनि महत्वपूर्ण हो । कर्णाली प्रदेशमा वैकल्पिक ऊर्जा, साना उद्योग र हस्तकला सम्भावना बोकेका क्षेत्र हुन, यसको लागि पूँजी र बजारको पहुँच बढाउनु पर्छ ।

सुदूरपश्चिम प्रदेशमा कृषि उत्पादनसँगै रेमिट्यान्स मुख्य आर्थिक स्रोत बनेको छ। कृषि बिमा, सहकारी सशक्तीकरण, महिला उद्यमशिलता र साना उद्योगको विस्तारले प्रदेशको स्थानीय अर्थतन्त्रमा चलायमानता ल्याएको छ।

समग्रमा हेर्दा बागमती र लुम्बिनी औद्योगिक संरचनामा अगाडि छन्, मधेश कृषिमा, कोशी लगानी प्रवर्द्धनमा, गण्डकी पर्यटन तथा सेवा क्षेत्रमा, र कर्णाली-सुदूरपश्चिम अझै प्राथमिक क्षेत्रमै केन्द्रित छन्। आर्थिक असमानता घटाउने दृष्टिले साना प्रदेशहरूमा उत्पादनमा आधारित लगानीलाई प्राथमिकीकरण गर्न जरुरी छ।

## ३.२. सामाजिक क्षेत्र : शिक्षा, स्वास्थ्य, लैङ्गिक सशक्तीकरण र रोजगारी

### शिक्षा

शिक्षा क्षेत्रमा सबै प्रदेशले उल्लेखनीय प्रगति गरेका छन् । तथापि प्रदेशगत रूपमा शिक्षाको गुणस्तर र पहुँचमा फरकपना छ ।

कोशी प्रदेशले मनमोहन प्राविधिक विश्वविद्यालय स्थापना गरी प्राविधिक शिक्षाको नयाँ ढाँचा विकास गरेको छ। विद्यालय नर्सिङ, आमा-स्वास्थ्य कार्यक्रम र व्यावसायिक तालिमले शिक्षा-स्वास्थ्य सम्बन्धमा एकीकृत दृष्टिकोण ल्याएको छ।

मधेश प्रदेशमा ४,९१३ विद्यालय छन्, जसमा २३% विद्यार्थी अध्ययनरत छन्। स्थायी शिक्षक ५७%, राहत २६% छन्। मधेशले विद्यार्थीमैत्री विद्यालय र छात्रा प्रोत्साहनका कार्यक्रम (साइकल वितरण, बेटी पढाउ-बचाउ) सञ्चालन गरेको छ। बागमती प्रदेशमा विद्यालय तहका शिक्षकको सङ्ख्या ३७,५०९ पुगेको छ। अस्थायी शिक्षकको बढ्दो दर र राहत शिक्षकमा निर्भरता दीर्घकालीन गुणस्तरका लागि चुनौती हो। तर "एक विद्यालय-एक नर्स" कार्यक्रम राष्ट्रिय स्तरमै उदाहरणीय छ। गण्डकी प्रदेशले गण्डकी विश्वविद्यालयमार्फत सूचना प्रविधि, कानुन र खेलकुद शिक्षामा केन्द्रित उच्च शिक्षा प्रवर्द्धन गरेको छ। लुम्बिनी, कर्णाली, **र** सुदूरपश्चिममा विद्यालय भौतिक संरचना र विद्यार्थी नामाङ्कनमा सुधार भए पनि शिक्षक व्यवस्थापन र गुणस्तर चुनौतीपूर्ण छ।

### स्वास्थ्य

कोशी प्रदेशले शैलजा आचार्य हृदय रोग केन्द्र स्थापना गरी सञ्चालनमा ल्याएको छ भने सबै जिल्लालाई खोप पूर्ण प्रदेश घोषणा गरेको छ । त्यस्तै १७३ विद्यालयहरूमा विद्यालय नर्सिङ्क कार्यक्रम सञ्चालन गरेको छ । मधेश प्रदेशले स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना गरी एमबीबीएससम्मको शिक्षा प्रदान गरिरहेको छ । बागमती प्रदेश सरकार गठन भएदेखि प्रदेशले स्वास्थ्य सेवामा ठूलो योगदान पुर्‍याएको छ । बागमती प्रदेश सरकारले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन २०७६ जारी गरी त्यही वर्ष मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना गरेको छ ।

गण्डकी प्रदेश औलोमुक्त प्रदेशका रूपमा रहेको छ।[1] स्वास्थ्य क्षेत्रमा प्रवर्द्धनात्मक एवं उपचारात्मक सेवासँगै स्वास्थ्य सूचकाङ्क व्यवस्थापन, हेलि उद्धार, स्वस्थ्य जीवनशैली

[1] Malaria Micro Stratification. २०२१ को प्रतिवेदन

प्रवर्द्धन, भान्सा सुधार कार्यक्रम सञ्चालन गरेको छ।लुम्बिनी प्रदेशले करिब १,२०० शैयाको लुम्बिनी प्रादेशिक अस्पतालको स्थापना गरेको छ, जुन उच्चस्तरीय उपचार सेवाका लागि महत्वपूर्ण केन्द्रको रूपमा विकास भइरहेको छ । साथै बुटवल र नेपालगञ्ज क्षेत्रका अस्पतालमा विशेषज्ञ सेवा विस्तार गरेको छ। कर्णाली र सुदूरपश्चिम प्रदेशले मातृ-शिशु स्वास्थ्य, औषधि आपूर्ति र हेलिकप्टर उद्धार कार्यक्रम प्रभावकारी ढङ्गले अगाडि बढाएका छन्।

## लैङ्गिक सशक्तीकरण

लैङ्गिक सशक्तीकरणमा प्रदेशहरूले विभिन्न कार्यक्रमहरू सञ्चालन गरेका छन् । कोशी प्रदेशले १,३५० एकल महिलालाई सीपमूलक तालिम र ६० लाखको बीउपूँजी प्रदान गरेको छ। प्रदेशले मधेश प्रदेशले महिलाको लागि ५०% आरक्षण सीटको व्यवस्था कार्यान्वयन गरेर लैङ्गिक समानताको उदाहरण प्रस्तुत गरेको छ। बागमती प्रदेशले विद्यालय नर्स कार्यक्रम सञ्चालन गरेर किशोरी स्वास्थ्यमा उल्लेख्य परिवर्तन ल्याएको छ। गण्डकी, कर्णाली, र सुदूरपश्चिमले सहकारी र सामुदायिक उद्यममार्फत महिलाको आर्थिक पहुँच बढाएका छन्।

## रोजगारी र सामाजिक सुरक्षा

कोशी प्रदेशले ३०,००० भन्दा बढी व्यक्तिलाई सीपमूलक तालिम प्रदान गरेको छ । मधेश प्रदेशले २२,६३५ श्रमिक सामाजिक सुरक्षा योजनामा सूचीकृत गरेको छ । बागमती प्रदेशले ८८,४८७ जनलाई वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति प्रदान गरेको छ। गण्डकी र सुदूरपश्चिममा वैदेशिक रोजगार उच्च छ। लुम्बिनी प्रदेशले करिब ७०० जना सडक मानवहरूको उद्दार गरेको छ । उद्दारपछि उनीहरूलाई खाद्यान्न, स्वास्थ्य सेवा तथा आवासीय भवनको व्यवस्था गरी पुनःस्थापनाको प्रयास गरेको छ । कर्णाली प्रदेशले 'गरिखाने अभियान' मार्फत स्वरोजगार सृजना गर्न प्रयास गरेको छ।

## ३.३. पूर्वाधार क्षेत्र : सडक, ऊर्जा, सिँचाइ र आवास

## सडक र यातायात

**तालिका ६ : प्रदेशले निर्माण गरेको सडक तथा पुलको विवरण**

| प्रदेश | कालोपत्रे सडक (कि.मी.) | ग्राभेल सडक (कि.मी.) | कच्ची | जम्मा (कि.मी.) | पक्की पुल (वटा) | झोलुङ्गे पुल (वटा) |
|---|---|---|---|---|---|---|
| कोशी | ६१२ | १४२१ | १२०१ | ३२३४ | ९३ | २२४ |
| मधेश | ८७९ | २,८७४ | २७४२ | ६,४९५ | ४८ | १३ |
| बागमती | १,६५४ | १,१९८ | १,२६८ | ४,१२० | ३७ | १२ |
| गण्डकी | ९२८ | ७०० | ३५९ | १९८७ | १७५ | १०१ |
| लुम्बिनी | ९५६ | १,२५५ | १९६४ | ४,१७५ | १५२ | ४७ |
| कर्णाली | २०० | ६६५ | ३,०३१ | ३,८९६ | ४७ | १०४ |
| सुदूरपश्चिम | ८५४ | १,३३७ | १,१४३ | ३,३३४ | ४४ | ३७ |
| प्रदेश जम्मा | ६,०८३ | ९,४५० | ११,७०८ | २७,२४१ | ५९६ | ५३८ |
| सङ्घीय सरकार | ५,४५६ | ८,२०४ | ८,७६५ | २२,४२५ | | |
| कुल जम्मा | ११,५३९ | १७,६५४ | २०,४७३ | ४९,६६६ | | |
| प्रदेश (प्रतिशत) | ५२.७२ | ५३.५३ | ५७.१९ | ५४.८५ | | |
| स्रोत : प्रदेश भौतिक पूर्वाधार मन्त्रालयको तथ्याङ्कमा आधारित । | | | | | | |

प्रदेशगत रूपमा सडक विस्तार सङ्घीयता कार्यान्वयनपछि तीव्र भएको छ। कोशी प्रदेशले ६१२ कि.मि. कालोपत्रे सडक र ९३ वटा पक्की पुल सहित जम्मा ३२३४ कि.मी. बाटो र ३१७ वटा पुल निर्माण गरेको छ। मधेश प्रदेशले १,२९८ पक्की र २,९०४ ग्राभेल गरी ६, ४९५ कि.मि. सडक निर्माण गरेको छ । बागमती प्रदेशले ४,१२० कि.मि. सडक निर्माण गरेको छ । यस्तै १,६५४ कि.मि. पक्की सडकसहित सबै ११९ स्थानीय तहको केन्द्रसम्म सडक पहुँचमा ल्याएको छ। गण्डकी प्रदेशले ९२८ कि.मि. कालोपत्रे सडक र १७५ वटा पक्की सहित २७६ वटा पुल निर्माण गरेको छ । लुम्बिनी प्रदेशले ४,१७५ कि.मि. सडक निर्माण गरेको छ । प्रदेशले १५२ वटा पक्की पुल र ४७ वटा झोलुङ्गे पुल निर्माण गरेको छ । कर्णाली प्रदेशले पक्की सडक २०० कि.मी., ग्राभेल ६६५ कि.मी. र कच्ची सडक ३०३१ कि.मी. निर्माण गरेको छ।साथै झोलुङ्गे पुल १०४, सडक पुल ४७ वटा निर्माण गरेको छ। प्रदेशले ७९ वटा पालिका मध्ये ७६ पालिका केन्द्रसम्म पुग्ने सडकको ट्र्याक खोलेको छ ।सुदूरपश्चिम प्रदेशले ३,३३४ कि.मि. सडक सञ्जाल, मोटरेवल पुल ४४ र झोलुङे पुल ३७ वटा निर्माण गरेको छ । सङ्घले ४७ प्रतिशत कालोपत्रे वा पक्की सडक बनाएको छ भने प्रदेशले ५३ प्रतिशत । कुल सडक ४४,६६६ कि.मी.मध्ये २७,२४१ कि.मी. (५५ प्रतिशत) सडक प्रदेशले निर्माण गरेका छन् ।

### ऊर्जा

कोशी प्रदेशमा ६५० मेगावाट जलविद्युत उत्पादन भएको छ। बागमती प्रदेशले कुल विद्युत उत्पादनको ४५% योगदान गरेको छ । यस प्रदेशका ९९.९७% जनसङ्ख्या विद्युत पहुँचमा छन् । गण्डकीमा ९९.५५% परिवारमा विद्युत पुगेको छ । प्रदेशले "उज्यालो गण्डकी" कार्यक्रम समेत ल्याएको छ। लुम्बिनी, कर्णाली, र सुदूरपश्चिममा सौर्य र लघु जलविद्युतले ग्रामीण ऊर्जामा रूपान्तरण ल्याएको छ।

### सिँचाइ

कोशी प्रदेशमा कुल ३,५९,९६० हेक्टर सिँचाइ क्षेत्र छ। मधेश प्रदेशको ५८.५२% कृषि भूमि सिँचित छ। बागमतीमा १,३२,२५६ हेक्टर जमिनमा सिँचाइ उपलब्ध छ। गण्डकीमा नयाँ प्रविधियुक्त सिँचाइ प्रणाली र लिफ्टिङ योजना सञ्चालित छन् । लुम्बिनीमा भूमिगत जल र नहर प्रणाली सुदृढीकरण भएको छ। कर्णाली र सुदूरपश्चिममा तटबन्ध र साना सिँचाइ योजना सञ्चालनमा छन्।

### आवास र भवन विकास

प्रदेशहरूले जनता आवास, सरकारी र सामुदायिक भवन निर्माण कार्य तीव्र रूपमा गर्दै आएको छ। कोशी प्रदेशमा ७,२८४ जनता आवास भवन बनेका छन्। मधेश प्रदेशका ९७% परिवार आफ्नै आवासमा बसोबास गर्छन्। बागमतीमा १,५५८ जनता आवास, ८ सरकारी र ५९० सामुदायिक भवन निर्माण भएका छन्। गण्डकी प्रदेशमा २,०३५ लाभग्राहीलाई सुरक्षित आवास हस्तान्तरण भएको छ। लुम्बिनी, कर्णाली, र सुदूरपश्चिममा दलित, सीमान्तकृत र विपन्न लक्षित आवास कार्यक्रम सञ्चालनमा छन्।

## ३.४. सुशासन, प्रशासनिक सेवा र सुरक्षा

कोशी प्रदेशले भ्रष्टाचारविरुद्धको कार्ययोजना (२०८१-२०८५) लागू गरेको छ। प्रदेश लोकसेवा आयोग सक्रिय रूपमा पदपूर्ति सञ्चालन गर्दैछ। मधेश प्रदेशले लैङ्गिक उत्तरदायी बजेट ७८.५% पुऱ्याएको छ र ५०% आरक्षण कार्यान्वयन प्रभावकारी छ। बागमतीले डिजिटाइज्ड सेवा प्रवाह, पारदर्शिता र सार्वजनिक वित्तीय व्यवस्थापन सुदृढीकरणमा उल्लेखनीय प्रगति गरेको छ। गण्डकीले सवारी तथा यातायात व्यवस्था ऐन २०७६ र नियमावली २०८० मार्फत प्रशासनिक सुधार अघि बढाएको छ। लुम्बिनीमा नागरिक सेवा प्रवाहमा सूचना प्रविधि प्रणाली लागू छ। कर्णालीले स्थानीय तहमा खुला सरकार र जनउत्तरदायित्व कार्यक्रम

सञ्चालन गरेको छ। सुदूरपश्चिमले आरक्षण, सुरक्षा र स्थानीय शासन सुदृढीकरणमा प्रगतिशील नीति लागू गरेको छ।

### सुरक्षा संरचना

कोशीमा ९७ प्रहरी भवन र १८ सीमा चौकी बनेका छन्। मधेशमा प्रादेशिक प्रहरी कार्यालय निर्माणाधीन छ। बागमतीले ६८ प्रहरी इकाइ कार्यालय निर्माण सम्पन्न गरेको छ । गण्डकी प्रदेशले २५ प्रहरी भवन निर्माण सम्पन्न गरेको छ भने ६ वटा भवन निर्माणाधीन छन्। लुम्बिनी, कर्णाली र सुदूरपश्चिममा सीमावर्ती सुरक्षा पोस्ट सुदृढीकरण र सामुदायिक सुरक्षा कार्यक्रम सञ्चालनमा छ ।

## ३.५. वातावरण, वन तथा जलवायु परिवर्तन क्षेत्र

कोशी प्रदेशमा वन क्षेत्र ४४.७४% बाट बढेर ४८.९६% पुगेको छ। ८४५ हेक्टरमा वृक्षारोपण गरेको छ भने १०८ हेक्टर वन अतिक्रमण हटाएको छ । मधेश प्रदेशमा २५.८% क्षेत्रमा वनजङ्गल । प्रदेशले "वन म्यान-वन ट्री" र "एक करोड वृक्षारोपण" कार्यक्रम मार्फत हरित अभियान अघि बढाएको छ। बागमती प्रदेशमा १७% वन क्षेत्र र २९.९८% संरक्षित क्षेत्र छ । प्रदेशले वार्षिक १० करोडभन्दा बढी वन राजस्व सङ्कलन गरेको छ। गण्डकी प्रदेशमा ४७.४% भू-भाग वन र बुट्यानले ढाकेको छ । प्रदेशले वन-आधारित रोजगारी र जडीबुटी व्यवस्थापनमा उल्लेखनीय प्रगित हासिल गरेको छ । **लु**म्बिनी प्रदेशमा चुरे संरक्षण, जैविक विविधता र हरित उद्यान विस्तार कार्यक्रमले वातावरणीय स्थायित्वमा योगदान पुर्‍याएको छ। कर्णाली प्रदेशले वन व्यवस्थापन, जैविक विविधता संरक्षण र जडीबुटी उद्योग विकासलाई प्राथमिकता दिएको छ। सुदूरपश्चिम प्रदेशले तटीय संरक्षण, बाढी नियन्त्रण, वृक्षारोपण र जलाधार पुनःस्थापना कार्यक्रमलाई प्रभावकारी ढङ्गले अगाडि बढाएको छ।

जलवायु परिवर्तन अनुकूलनका दृष्टिले कोशी र गण्डकी प्रदेशले विशेष कार्यक्रम लागू गरेका छन् । कर्णाली र सुदूरपश्चिम प्रदेशले भूस्खलन नियन्त्रण र दिगो भू-व्यवस्थापन कार्यक्रमलाई उच्च प्राथमिकता दिएका छन् ।

# ४ सार्वजनिक वित्त व्यवस्थापन

| तालिका ७: सङ्घ, प्रदेश र स्थानीय तहको आय र व्यय (रू अर्बमा) |
| --- |

| | 2079-80 | | | | 2080-81 | | | |
|---|---|---|---|---|---|---|---|---|
| | खर्च | राजस्व | वित्तीय हस्तान्तरण | ऋण | खर्च | राजस्व | वित्तीय हस्तान्तरण | ऋण |
| सङ्घ | 1421.33 | 834.06 | 0.00 | 371.79 | 1393.40 | 929.05 | 0.00 | 362.14 |
| प्रदेश | 204.68 | 92.01 | 93.60 | 0.00 | 184.11 | 93.61 | 77.39 | 0.01 |
| स्थानीय | 453.82 | 109.68 | 319.23 | 0.00 | 423.79 | 120.54 | 284.57 | 0.13 |
| जम्मा | 2079.8 | 1035.7 | 412.8 | 371.8 | 2001.3 | 1143.2 | 362.0 | 362.3 |

**स्रोत : आर्थिक सर्वेक्षण २०८१/८२, अर्थ मन्त्रालय अनुसूची २.१ बाट निर्मित**

नेपालको सङ्घीय वित्तीय व्यवस्थामा ठूलो असमानता र निर्भरता छ । आर्थिक वर्ष २०७९/८० मा सङ्घीय सरकारले कुल खर्चको ६८% र राजस्व सङ्कलनको ८१% हिस्सा ओगटेको थियो भने प्रदेश र स्थानीय तहले क्रमशः १०% र २२% खर्च तथा ९% र ११% राजस्व सङ्कलन गरेका थिए। यसले राजस्व सङ्कलन सङ्घमा नै केन्द्रित रहेको र प्रदेश तथा स्थानीय तहहरू वित्तीय हस्तान्तरणमा निर्भर रहेको छ । २०८०/८१ मा सङ्घीय राजस्व सङ्कलनमा सुधार भएतापनि ऋणभार अझै उच्च छ । प्रदेश र स्थानीय तहको वित्तीय हस्तान्तरण घटे पनि तिनको आत्मनिर्भरता अझै सीमित नै रहेको छ। यसरी, तीनै तहको वित्तीय संतुलन कायम गर्न राजस्व सङ्कलन क्षमता विस्तार र वित्तीय हस्तान्तरणको प्रभावकारिता बढाउन आवश्यक छ ।

**तालिका ८ : आय र खर्चको तहगत विवरण (प्रतिशतमा)**

| | 2079-80 | | 2080-81 | |
|---|---|---|---|---|
| | खर्च | राजस्व | खर्च | राजस्व |
| **सङ्घ** | 68.34 | 80.53 | 69.62 | 81.27 |
| **प्रदेश** | 9.84 | 8.88 | 9.20 | 8.19 |
| **स्थानीय** | 21.82 | 10.59 | 21.18 | 10.54 |
| **जम्मा** | 100 | 100 | 100 | 100 |

**स्रोत : आर्थिक सर्वेक्षण २०८१/८२, अर्थ मन्त्रालय अनुसूची २.१ बाट निर्मित**

आर्थिक वर्ष २०८०/८१ को राजस्व सङ्कलन तरिकामा अघिल्लो आ.व.कै निरन्तरता छ । सङ्घीय खर्च ७० प्रतिशत पुगेको छ भने प्रदेशको खर्च ९ प्रतिशत र स्थानीय तहको खर्च २१ प्रतिशत छ । राजस्व सङ्कलनमा सङ्घीय सरकारले ८१ प्रतिशत हिस्सा लिएको छ, तर प्रदेश र स्थानीय तहले क्रमशः ८ र ११ प्रतिशतमा सीमित छन् । स्थानीय तहले खर्च अनुसारको राजस्व सङ्कलन गर्न पाएका छैनन् तर प्रदेशको राजस्व सङ्कलन र खर्च अनुपात लगभग उस्तै छ । परिणामतः सङ्घीय शासनमा आर्थिक आत्मनिर्भरता अझै कमजोर छ र वित्तीय असन्तुलन प्रदेश तथा स्थानीय तहको प्रमुख चुनौती बनेको छ।

**तालिका ९: प्रदेशको आय विवरण (करोडमा)**

| प्रदेश | 2079/80 | | | | 2080/81 | | | |
|---|---|---|---|---|---|---|---|---|
| | राजस्व | अनुदान | बेरुजु सहित अन्य | कुल आय | राजस्व | अनुदान | बेरुजु सहित अन्य | कुल आय |
| **कोशी** | 1248 | 1582 | 48 | 2879 | 1310 | 1364 | 32 | 2706 |
| **मधेश** | 1338 | 1373 | 87 | 2798 | 1410 | 1162 | 31 | 2603 |
| **बागमती** | 2594 | 1357 | 157 | 4108 | 2550 | 1136 | 145 | 3831 |
| **गण्डकी** | 1027 | 1177 | 17 | 2221 | 1065 | 957 | 25 | 2047 |
| **लुम्बिनी** | 1321 | 1345 | 84 | 2750 | 1368 | 1069 | 35 | 2472 |
| **कर्णाली** | 751 | 1353 | 16 | 2120 | 804 | 1098 | 21 | 1923 |
| **सुदूरपश्चिम** | 921 | 1177 | 17 | 2116 | 854 | 965 | 11 | 1830 |
| **जम्मा** | 9201 | 9365 | 425 | 18991 | 9361 | 7751 | 300 | 17412 |
| **आयको स्रोतगत प्रतिशत** | 48.45 | 49.31 | 2.24 | 100.00 | 53.76 | 44.51 | 1.72 | 100 |

स्रोत : आर्थिक सर्वेक्षण २०८१/८२, अर्थ मन्त्रालय अनुसूची १३.७ बाट निर्मित

२०७९/८० को आर्थिक वर्षमा प्रदेश सरकारहरूको कुल आय १८,९९१ अर्ब थियो । जुनकि ४८% आन्तरिक राजस्वबाट, ४९% सङ्घीय अनुदानबाट र २% अन्य स्रोतबाट आएको थियो। बागमती प्रदेशले २,५९४ अर्ब राजस्व सङ्कलन गरेर उच्चतम योगदान दिएको थियो भने मधेश, कोशी र लुम्बिनी प्रदेशहरूमा राजस्व र अनुदानको सन्तुलित योगदान रहेको थियो। तर कर्णाली र सुदूरपश्चिम प्रदेशहरू सङ्घीय अनुदानमा धेरै निर्भर रहेका थिए, जसको प्रमाण कर्णालीले ७५१ अर्ब राजस्व सङ्कलन गरेता पनि १,३५३ अर्ब अनुदान प्राप्त गरेको थियो ।

| तालिका १०: प्रदेशको खर्च विवरण (रू. करोडमा) | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **प्रदेश** | **2075/76** | **2076/77** | **2077/78** | **2078/79** | **2079/80** | **2080/81** | **2081/82** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **कोशी** | 2120 | 2983 | 2795 | 2997 | 3076 | 2803 | 2818 |
| **मधेश** | 1509 | 1802 | 2255 | 2226 | 2687 | 2454 | 3122 |
| **बागमती** | 2065 | 2795 | 3559 | 3799 | 4686 | 4451 | 4645 |
| **गण्डकी** | 1393 | 2041 | 2562 | 2204 | 2361 | 2221 | 2292 |
| **लुम्बिनी** | 1703 | 2541 | 3210 | 3005 | 3024 | 2644 | 2847 |
| **कर्णाली** | 1002 | 1688 | 2204 | 2428 | 2227 | 1987 | 1917 |
| **सुदुरपश्चिम** | 1416 | 1761 | 2297 | 2088 | 2406 | 1851 | 2220 |
| **जम्मा** | **11209** | **15611** | **18883** | **18748** | **20468** | **18411** | **19862** |

स्रोत : आर्थिक सर्वेक्षण २०८१/८२, अर्थ मन्त्रालय अनुसूची १३.६ बाट निर्मित

२०८०/८१ मा प्रदेशहरूको कुल आय घटेर १७,४१२ अर्ब पुगेकोमा पनि राजस्वको हिस्सा ५४% मा पुगेर आन्तरिक राजस्व सङ्कलनमा सुधार भएको थियो । बागमती प्रदेशले सबैभन्दा बढी २,५५० अर्ब राजस्व सङ्कलन गरेर गरेको छ । कर्णाली र सुदूरपश्चिम प्रदेशहरू अझै पनि अनुदानमा निर्भर छन्। प्रदेशहरूबीचको आर्थिक असमानता र सङ्घीय वित्तीय संरचना केन्द्रमुखी छ । दीर्घकालीन रूपमा प्रदेश सरकारहरूको आर्थिक सुदृढीकरणका लागि आन्तरिक स्रोत विस्तार, कर प्रणालीको प्रभावकारी कार्यान्वयन र आर्थिक गतिविधिहरूलाई प्रोत्साहन गर्न जरूरी छ ।

नेपालका सातवटा प्रदेशहरूको सात आर्थिक वर्षको खर्च प्रवृत्ति जटिल तर रोचक छ । समग्रमा, जम्मा प्रदेशीय खर्च रु. ११,२०९ करोडबाट सुरु भई २०७९/८० मा रु. २०,४६८ करोडसम्म पुगेकोमा प्रदेशहरूको बजेट कार्यान्वयन क्षमतामा प्रगति भएको छ, तथापि २०८०/८१ मा झरेर रु. १८,४११ करोड र २०८१/८२ मा मात्र थोरै वृद्धि भई रु. १९,८६२ करोड पुगेको छ । जुन आर्थिक अस्थिरताको महत्वपूर्ण उदाहरण हो । प्रदेशहरूबीच गम्भीर आर्थिक असमानता देखाउँछ । बागमती प्रदेशले रु. २४,६०७ करोड (कुल खर्चको १७.२%) खर्च गरेर आर्थिक रूपमा प्रभावशाली छ । तर, कर्णाली प्रदेश रु. १३,४५३ करोड (कुल खर्चको ९.४%) मात्र खर्च गर्न सकेको छ । कोशी (रु. १९,६३१ करोड) र मधेश (रु. १६,०५५ करोड) प्रदेशहरूले हालैका वर्षमा, विशेष गरी मधेशले २०८१/८२ मा रु. ३,१२२ करोड खर्च गरेर, उल्लेखनीय गति कायम गरेका छन्। यो तथ्याङ्कले प्रदेशहरूबीच सन्तुलित विकासको लागि कमजोर प्रदेशहरूमा वित्तीय हस्तान्तरण ढाँचा सुधार्नु, पुँजीगत खर्च गर्ने क्षमता बढाउनु र सबै प्रदेशले आफ्नो बजेट कार्यान्वयनमा दक्षता हासिल गर्न मद्दत गर्नु जस्ता नीतिगत रूपमा काम गर्न जरूरी छ ।

शुरूको वर्षहरूमा भएको खर्च वृद्धिले सङ्घीय संरचनाको स्थापनाको लागि आवश्यक पूर्वाधार निर्माणमा सहयोग गरेको भए पनि, पछिल्ला वर्षहरूमा आएको तीव्र गिरावटले प्रदेशीय

वित्तीय प्रणालीमा रहेको संरचनात्मक कमजोरीलाई इङ्गित गर्दछ। यसले प्रदेशहरूको वित्तीय स्वायत्तता, सङ्घीय अनुदानको निरन्तरता र परियोजना कार्यान्वयन क्षमताबारे प्रश्न गर्छ । यसको समाधानका लागि व्यवस्थित वित्तीय नीति र संस्थागत सुदृढीकरण आवश्यक छ।

**तालिका ११ : वित्तीय हस्तान्तरण सम्बन्धी विवरण**

| विवरण | २०७८/७९ | | २०७९/८० | | २०८०/८१ | |
|---|---|---|---|---|---|---|
| | **बजेट** | **हस्तान्तरण** | **बजेट** | **हस्तान्तरण** | **बजेट** | **हस्तान्तरण** |
| सङ्घबाट प्रदेशलाई हस्तान्तरण | | | | | | |
| **वित्तीय समानीकरण अनुदान** | 58.0 | 58.0 | 61.4 | 53.8 | 58.7 | 47.0 |
| **सशर्त अनुदान** | 36.3 | 43.3 | 57.2 | 37.8 | 35.7 | 23.5 |
| **विशेष अनुदान** | 4.2 | 3.4 | 4.6 | 3.3 | 4.5 | 3.5 |
| **समपुरक अनुदान** | 5.7 | 4.4 | 6.3 | 4.8 | 6.2 | 5.5 |
| **जम्मा** | 104.2 | 109.0 | 129.5 | 99.7 | 105.1 | 79.5 |

स्रोत : आर्थिक सर्वेक्षण २०८१/८२, अर्थ मन्त्रालय अनुसूची २.५ बाट निर्मित

सङ्घीय वित्तीय हस्तान्तरणमा गिरावट भएको छ । आर्थिक वर्ष २०७८/७९ मा १०९ अर्ब रुपैयाँ सङ्घबाट प्रदेशहरूलाई हस्तान्तरण भएकोमा मात्र दुई वर्षभित्रै यो रकम २०८०/८१ मा ७९.५ अर्बमा झरेको छ, जुन २७ प्रतिशतभन्दा बढी कम हो। सशर्त अनुदानमा भएको गिरावट अझ बढी छ जुन ४३.३ अर्बबाट घटेर २३.५ अर्बमा पुगेको छ। यसले सङ्घीय बजेटको प्राथमिकतामा आएको परिवर्तन र प्रदेशहरूको खर्च वहन क्षमतामा पर्ने प्रभावलाई संकेत गर्दछ। सङ्घीय वित्तीय प्रणालीमा केन्द्रको बलियो नियन्त्रण रहँदा पनि दीर्घकालीन वित्तीय स्थायित्वको लागि खर्च संरचनाको स्थायित्व, अनुदान वितरणको पारदर्शिता र वित्तीय समानीकरणको सन्तुलन कायम गर्नु जरूरी छ।

| **तालिका १२ : नेपालको प्रदेशगत कुल गार्हस्थ्य उत्पादन अर्बमा** | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| प्रदेश | 2075/76 | 2076/77 | 2077/78 | 2078/79 | 2079/80 | 2080/81 | 2081/82 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| कोशी | 599 | 616 | 693 | 790 | 852 | 909 | 971 |
| मधेश | 504 | 511 | 577 | 654 | 704 | 753 | 804 |
| बागमती | 1463 | 1425 | 1593 | 1821 | 1948 | 2069 | 2230 |
| गण्डकी | 341 | 348 | 385 | 444 | 485 | 518 | 548 |
| लुम्विनी | 540 | 551 | 617 | 707 | 766 | 816 | 869 |
| कर्णाली | 152 | 162 | 180 | 208 | 229 | 245 | 256 |
| सुदुरपश्चिम | 261 | 276 | 308 | 352 | 382 | 407 | 430 |
| जम्मा | 3859 | 3889 | 4353 | 4977 | 5367 | 5716 | 6107 |
| स्रोत : आर्थिक सर्वेक्षण २०८१/८२, अर्थ मन्त्रालय अनुसूची १३.१ बाट निर्मित | | | | | | | |

विप्रेषण आय नेपाली अर्थतन्त्रको महत्वपूर्ण आधारस्तम्भ बनिरहेको छ, जुन जिडिपीको २०-२५% को उच्च स्तरमा रहँदै आएको छ। यसले घरेलु उपभोग र बचतलाई प्रवर्द्धन गर्दा पनि अर्थतन्त्रलाई विदेशी रोजगारीमा निर्भर बनाएको छ । दीर्घकालीन आर्थिक स्थायित्वको लागि घरेलु उत्पादन र औद्योगिक विकासलाई प्रोत्साहन, कर संरचना सुधार, र वैदेशिक निर्भरता कम गरी घरेलु रोजगारी सृजनामा ध्यान केन्द्रित गर्नु जरुरी छ।

प्रदेशहरूको आर्थिक सुचकाङ्कमा असमानता छ। बागमती प्रदेशले २०७५/७६ मा १,४६३ अर्ब रहेको आर्थिक आकार २०८१/८२ मा २,२३० अर्ब पुर्याएर नेपालको कुल अर्थतन्त्रको लगभग एक तिहाइ ओगटेको छ भने कोशी र मधेश प्रदेशले क्रमशः ९७१ अर्ब र ८०४ अर्बको अर्थतन्त्र रिपोर्ट गरेका छन्। यी प्रदेशहरूमा औद्योगिक, कृषि र सेवा क्षेत्रको विस्तारले वृद्धिमा योगदान पुर्याएको छ। तथापि, कर्णाली प्रदेशको अर्थतन्त्र मात्र २५६ अर्बमा सीमित छ, जुन भौगोलिक चुनौती, पूर्वाधारको अभाव र औद्योगिक क्षेत्रको सीमित विकासको परिणाम हो। सुदूरपश्चिम प्रदेशले ४३० अर्बको अर्थतन्त्र दर्ज गरेको छ तर यो पनि राष्ट्रिय औसतभन्दा कम छ। यसले प्रदेशहरूबीचको आर्थिक खाडल निरन्तर रहँदै आएको प्रष्ट देखाउँछ।

## ५ चुनौति

नेपालमा सङ्घीय शासन प्रणाली लागू भएको सात वर्ष बितिसक्दा पनि प्रदेश सरकारहरूको प्रभावकारी कार्यसम्पादनमा गम्भीर चुनौतीहरू छन् । सातै प्रदेशले संरचना निर्माण, ऐन तथा नीति तर्जुमा, सेवा प्रवाह र पूर्वाधार विकासमा उल्लेखनीय उपलब्धि हासिल गरे पनि विभिन्न सूचकहरूको तथ्याङ्कीय विश्लेषणले प्रदेश सरकारहरू अझै संस्थागत रूपमा सुदृढ र आत्मनिर्भर बन्न सकेका छैनन् ।

मानव स्रोत र प्राविधिक दक्षताको कमी प्रदेश सरकारहरूका लागि गम्भीर चुनौती छन् । महालेखा परीक्षकको प्रतिवेदन अनुसार सातै प्रदेशका लागि स्वीकृत २६,३४१ दरबन्दीमध्ये ११,०५९ पद अझै रिक्त छन् । यसमा गण्डकी प्रदेशमा ३,३०२ दरबन्दीमध्ये १,८१७ पद खाली छन् भने लुम्बिनी प्रदेशमा ४,५८७ दरबन्दीमध्ये २,०७७ पद रिक्त छन् । कुल दरबन्दीमध्ये करिब ४०% भन्दा बढी पद रिक्त रहँदा नीति निर्माण, कार्यक्रम कार्यान्वयन, अनुगमन तथा सेवा प्रवाहमा अवरोध भएको छ। संविधानले नागरिकलाई नजिकै सेवा पुर्याउने लक्ष्य राखेको भए पनि पर्याप्त दक्ष कर्मचारी अभावले सङ्घीयता कमजोर हुन्छ ।

आर्थिक आत्मनिर्भरता अभाव अर्को गम्भीर चुनौती हो। संविधानको धारा ५९ अनुसार प्रदेशलाई आर्थिक अधिकार दिइए पनि व्यावहारिक रूपमा अधिकांश प्रदेशहरू सङ्घीय अनुदानमा निर्भर छन्। उदाहरणका लागि, मधेश प्रदेशले आफ्नो कुल बजेटको ठूलो हिस्सा सङ्घीय अनुदानमार्फत व्यहोर्छ। लेखा नियन्त्रक कार्यालयहरू गठन गरिए पनि प्राविधिक दक्षता, डिजिटल प्रणाली र जनशक्ति अभावका कारण वित्तीय अनुशासन कमजोर छ। यसले दीर्घकालीन योजना र आन्तरिक राजस्व परिचालनलाई अवरुद्ध बनाइरहेको छ।

भौगोलिक र सामाजिक असमानताका कारण विकास र सेवा प्रवाहमा असमानता छ। कर्णाली प्रदेश २७,९८४ वर्ग कि.मि. भूभाग ओगटेर पनि देशकै न्यून जनसङ्ख्या (५.७९%) ओग्टेको छ। यहाँ ८०% भन्दा बढी नागरिक ग्रामीण क्षेत्रमा बस्छन्, जसले आधारभूत शिक्षा, स्वास्थ्य, यातायात र ऊर्जा पुऱ्याउन लागत महँगो बनाएको छ। तर, मधेश प्रदेशमा ९,६६१ वर्ग कि.मि. क्षेत्रफलमै ६१ लाखभन्दा बढी जनसङ्ख्या (जनघनत्व ६३३ प्रति वर्ग कि.मि.) छ । यसले स्वास्थ्य, शिक्षा, रोजगारी र आवासजस्ता सेवामा अत्यधिक दबाब सिर्जना गरेको छ । यसरी एकातिर भौगोलिक दुर्गमता र अर्कोतिर जनसङ्ख्या घनत्वले प्रदेश सरकारलाई नीतिगत प्राथमिकता निर्धारण गर्न पनि चुनौती छ।

सामाजिक सूचकहरूको कमजोरी अझै ठूलो समस्या हो। राष्ट्रिय जनगणना २०७८ अनुसार मधेश प्रदेशमा साक्षरता दर ६३.५% छ, जसमा महिला साक्षरता दर ५४.७% मात्र रहेको छ । यसले सामाजिक असमानता अझै गहिरो बनाइरहेको छ। स्वास्थ्यतर्फ, पाँच वर्षमुनिका बालबालिकाको मृत्युदर मधेश प्रदेशमा अझै उच्च छ (प्रति हजार जीवित जन्ममा ४३)। कोशी प्रदेशले प्राविधिक विश्वविद्यालय र आधुनिक अस्पताल स्थापना गरे पनि दुर्गम जिल्लामा गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा पुऱ्याउन प्रयाप्त मात्रामा पुगाउन सकेको छैन । यसले सामाजिक विकासलाई असमान बनाइरहेको छ।

राजनीतिक अस्थिरता र नीतिगत प्रदेश सरकारका लागि गम्भीर चुनौती बनेको छ। प्रारम्भिक संरचनामा सात मन्त्रालय रहने प्रावधान भए पनि पछिल्ला वर्षहरूमा राजनीतिक समीकरण र भागबण्डाका आधारमा मन्त्रालयको सङ्ख्या पटक-पटक बढाइएको छ। यसले प्रशासनिक खर्च बढाउनुका साथै दीर्घकालीन योजना र कार्यान्वयनलाई असर पुऱ्याएको छ। प्रदेश नीति तथा योजना आयोगहरू गठन गरिए पनि स्रोत, साधन र राजनीतिक हस्तक्षेपका कारण तिनको प्रभावकारिता सीमित छ।

अन्तर-तह समन्वयको कमजोरी सङ्घीय शासन प्रणालीलाई कमजोर पार्ने मुख्य कारण हो। कृषि, शिक्षा, स्वास्थ्य र पूर्वाधार जस्ता साझा अधिकारका क्षेत्रमा बजेट र कार्यान्वयनमा दोहोरोपना छ । उदाहरणका लागि, मधेश प्रदेशले कृषि विश्वविद्यालय स्थापना गरेको छ भने सङ्घीय सरकारले पनि समान प्रकृतिका कृषि अनुसन्धान कार्यक्रम सञ्चालन गर्दै आएको छ। यसले स्रोतको दुरुपयोग मात्र होइन, नागरिकमा शासन प्रणालीप्रति अविश्वास उत्पन्न गरेको छ।

दरबन्दी रिक्तता (४०%) को समस्या, आर्थिक अनुदानमा निर्भरता, ६३.५% साक्षरता दर, उच्च बालमृत्यु दर, र मन्त्रालय सङ्ख्यामा अस्थिरता जस्ता समस्याले सङ्घीयता कार्यान्वयनमा अवरोध गरेको छ । उपलब्धि भए पनि सात वर्षको यात्रामा प्रदेश सरकारहरूले संस्थागत क्षमता, वित्तीय आत्मनिर्भरता, समावेशी सेवा प्रवाह र अन्तर-तह समन्वयमा अझै लामो बाटो तय गर्न बाँकी छ।

चुनौतीहरूलाई सम्बोधन नगरी सङ्घीयता सबलीकरण सम्भव छैन। तथ्याङ्कहरूले प्रष्ट पारेझैं, प्रदेश सरकारहरूलाई मानव स्रोत व्यवस्थापन, वित्तीय आत्मनिर्भरता, भौगोलिक असमानता न्यूनीकरण, सामाजिक सूचक सुधार, राजनीतिक स्थिरता र अन्तर-तह समन्वय सुदृढीकरणमा केन्द्रित हुनैपर्छ। अन्यथा संविधानले परिकल्पना गरेको "जनताको नजिक सरकार, सेवामा समान पहुँच" को लक्ष्य अधुरै रहनेछ।

# ६ निश्कर्ष तथा सुझाब

## ६.१ निश्कर्ष

नेपालको संविधान २०७२ ले स्थापित गरेको सङ्घीय शासन प्रणाली सात वर्षको अभ्यासपछि अहिले संस्थागत रूपले स्थिर बन्दै गएको छ। सातवटै प्रदेश सरकारले संरचना निर्माण,

नीति तर्जुमा, सेवा प्रवाह र पूर्वाधार विकासमा उल्लेखनीय उपलब्धि हासिल गरेका छन्। तथ्याङ्कमा पनि  सङ्घीय अभ्यासको सकारात्मक उपलब्धि प्रष्टै छ ।

**कोशी प्रदेश**ले सार्वजनिक-निजी साझेदारी प्रवर्द्धनमा अग्रसरता देखाएको छ। यहाँ ९६ परियोजनाको पूर्व सम्भाव्यता अध्ययन र १८ परियोजनाको सम्भाव्यता अध्ययन सम्पन्न भइसकेको छ। भेडेटार स्काई वाक जस्ता परियोजना सञ्चालनमा आइसकेका छन्। प्रदेशले ६,००० मेट्रिक टन क्षमताका खाद्यान्न भण्डारण गृह र २,२८६ मेट्रिक टन क्षमताका शीत भण्डारण पूर्वाधार निर्माण गरेको छ। यसैगरी ६५० मेगावाट जलविद्युत क्षमता जडान र ११,०१० परिवारलाई नवीकरणीय ऊर्जामा पहुँच सुनिश्चित गर्नु उल्लेखनीय उपलब्धि हो।

**मधेश प्रदेश** कृषि क्षेत्रमा अगाडि छ। यहाँ कुल उत्पादनमा कृषिको योगदान ३५.१९% छ। २०८०/८१ मा दूध उत्पादन १.९३%, मासु २.४६%, अण्डा २.८५% र माछा उत्पादन ५.०४% वृद्धि भएको छ। प्रदेशले २.७३ लाख हेक्टरमा सिँचाइ सुविधा विस्तार गरेको छ। प्रदेशले कृषि विश्वविद्यालय, मधेश प्राविधिक विश्वविद्यालय तथा स्वास्थ्य प्रतिष्ठानको स्थापना गरेको छ । साथै, 'मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ' अभियानमार्फत छोरीहरूको शिक्षा र सुरक्षामा प्रत्यक्ष लगानी गरेको छ।

**बागमती प्रदेश**ले उद्योग तथा वाणिज्य क्षेत्रमा अग्रगामी भूमिका खेलेको छ। २०८१ साल फागुनसम्म ५६ हजारभन्दा बढी उद्योग दर्ता गरेका छन्। यस प्रदेशले राष्ट्रिय उद्योग-व्यवसाय क्षेत्रको करिब ७०% भाग ओग्टेको छ। कृषितर्फ ३,५२,२४४ हेक्टरमा खाद्यान्न बाली उत्पादन गरी ११ लाख १८ हजार मेट्रिक टनभन्दा बढी उत्पादन भएको छ। आलु मात्र ७ लाख ४६ हजार मेट्रिक टन उत्पादन भई प्रमुख नगदेबाली बनेको छ।

**गण्डकी प्रदेश** पर्यटन र सहकारी क्षेत्रमा प्रगतिशील रहेको छ। मुस्ताङ, पोखरा लगायतका पर्यटकीय पूर्वाधार विस्तार, पदमार्ग निर्माण र पर्यटन प्रवर्द्धनले यस प्रदेशलाई आर्थिक दृष्टिले सबल बनाउन योगदान पुऱ्याएको छ। प्रदेशमा सहकारी, कृषि र सीप विकासका कार्यक्रमहरूले ग्रामीण अर्थतन्त्रलाई टेवा पुर्‍याएका छन्।

**लुम्बिनी प्रदेश**ले राजधानी पूर्वाधार निर्माणमा उल्लेखनीय उपलब्धि प्राप्त गरेको छ । दाङको देउखुरीस्थित राजधानी क्षेत्रमा प्रशासकीय भवन, सडक र आधारभूत पूर्वाधार विस्तार गरिरहेको छ । साथै, लुम्बिनीको धार्मिक पर्यटनलाई प्रोत्साहन गर्ने काममा प्रदेशले प्राथमिकता दिएको छ ।

**कर्णाली प्रदेश**ले स्वास्थ्य र खेलकुद पूर्वाधारमा सकारात्मक प्रगति गरेको छ। यहाँका ७९ स्थानीय तहहरूमध्ये धेरैमा स्वास्थ्य चौकी, अस्पताल र प्राथमिक सेवा विस्तार गरेको छ । खेलमैदान, रंगशाला संरचना विकासमा कर्णाली प्रदेशले उदाहरणीय काम गरेको छ ।

**सुदूरपश्चिम प्रदेश**ले कृषि बीमा कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरेको छ । यसले कृषकलाई प्राकृतिक विपत्ति र बजार अस्थिरताबाट जोगाउने आधार निर्माण गरेको छ । यससँगै ग्रामीण सडक, पुल र सिंचाइ पूर्वाधार विस्तारले सेवा प्रवाहलाई सहज बनाएको छ ।

तर यिनै उपलब्धि हुँदाहुँदै पनि गम्भीर चुनौतीहरू अझै विद्यमान छन्। सातै प्रदेशमा २६,३४१ दरबन्दीमध्ये ११,०५९ पद रिक्त रहनु, अधिकांश प्रदेशको बजेट सङ्घीय अनुदानमा निर्भर रहनु, कर्णाली र मधेशजस्ता प्रदेशमा भौगोलिक तथा जनसाङ्ख्यिक असमानता, मधेशको ६३.५% साक्षरता दर र उच्च बालमृत्यु दर, मन्त्रालय सङ्ख्यामा बारम्बार हुने उतारचढाव र अन्तर-तह समन्वयको कमीले सङ्घीयताको अभ्यास अझै प्रारम्भिक संघर्षमै रहेको प्रष्ट सङ्केत गर्छन्।

यसरी प्रदेशगत उपलब्धि र चुनौतीहरूलाई एकैसाथ हेर्दा नेपालमा सङ्घीयता नीतिगत, संरचनागत र कार्यान्वयनगत रूपमा अगाडि बढेको भए पनि त्यसलाई सबल बनाउन अझै सुधार आवश्यक छ। मानव स्रोत व्यवस्थापन, वित्तीय आत्मनिर्भरता, भौगोलिक असमानता न्यूनीकरण, सामाजिक सूचक सुधार, राजनीतिक स्थिरता र अन्तर-तह सहकार्य बलियो नबनाई सङ्घीयताको वास्तविक उद्देश्य "जनताको नजिक सरकार, सेवामा समान पहुँच" पूरा गर्न सकिँदैन।

यस अध्ययन प्रतिवेदनले सातै प्रदेशको उपलब्धि र चुनौतीहरूलाई एकीकृत रूपमा प्रस्तुत गर्दै आगामी नीति-निर्माण, अनुसन्धान र सुधारका लागि आधार तयार गरेको छ । यो प्रतिवेदन प्रदेश सरकार, सङ्घीय सरकार र स्थानीय सरकार सबैका लागि सङ्घीयताको अभ्यासलाई सबल बनाउन उपयोगी सन्दर्भ सामग्री बन्नेछ।

## ६.२ सुझाब

नेपालमा सङ्घीयताको सात वर्षे अभ्यासले प्रदेश सरकारहरूको उपलब्धि र कमजोरी दुवैलाई उजागर गरेको छ । प्रस्तुत अनुसन्धानका तथ्याङ्क र निश्कर्षले देखाएका चुनौतीहरूको आधारमा तलका सुझावहरू प्रस्तुत गरिएको छः

## १. मानव स्रोत व्यवस्थापन र दक्षता अभिवृद्धि

- सातै प्रदेशमा स्वीकृत २६,३४१ दरबन्दीमध्ये अझै करिब ११,०५९ पद रिक्त छन्। यस अभावलाई तत्काल पूर्ति गर्न प्रदेश लोक सेवा आयोगलाई पर्याप्त स्रोत, कानुनी स्पष्टता र संस्थागत स्थायित्व प्रदान गर्नुपर्छ।
- कर्मचारीको प्राविधिक दक्षता अभावले नीति निर्माण र सेवा प्रवाह प्रभावित भएकाले निरन्तर क्षमता अभिवृद्धि कार्यक्रम, डिजिटल प्रशासन तालिम, र प्रविधिमैत्री सेवा प्रवाह प्रणाली लागू गर्न आवश्यक छ।

## २. आर्थिक आत्मनिर्भरता र वित्तीय अनुशासन

- प्रदेश बजेटमा अनुदान निर्भरता घटाउन आन्तरिक राजस्व स्रोत विकास गर्नुपर्छ। उद्योग, पर्यटन, कृषि मूल्य श्रृंखला र सम्पत्ति करजस्ता क्षेत्रमा प्रदेशस्तरको कर नीति सुदृढ गर्न सकिन्छ।
- लेखा नियन्त्रक कार्यालयलाई प्राविधिक र जनशक्ति सुदृढीकरण गरी e-governance, e-audit, र सार्वजनिक खरिद प्रणालीलाई पूर्ण डिजिटल बनाउनुपर्छ। यसले वित्तीय पारदर्शिता र अनुशासनमा सुधार ल्याउँछ।

## ३. भौगोलिक र सामाजिक असमानता न्यूनीकरण

- कर्णाली जस्तो ठूलो भूभागमा न्यून जनसङ्ख्या भएको प्रदेशलाई विशेष भौगोलिक अनुदान (geographical equity grant) उपलब्ध गराउनुपर्छ, ताकि सेवा प्रवाह महँगो नभई प्रभावकारी होस्।
- मधेश प्रदेशजस्तो घनत्वयुक्त प्रदेशमा आवास, रोजगारी, शिक्षा र स्वास्थ्यमा अतिरिक्त लगानी आवश्यक छ।
- प्रदेशगत विकास योजनामा दलित, महिला, आदिवासी, मुस्लिम र अल्पसंख्यक समुदायलाई बजेटको न्यूनतम ३५% सुनिश्चित गर्दै सामाजिक समावेशीकरणमा जोड दिनुपर्छ।

## ४. शिक्षा र स्वास्थ्य क्षेत्र सुदृढीकरण

- मधेश प्रदेशको ६३.५% मात्र साक्षरता दर र ५४.७% महिला साक्षरता सुधार गर्न विशेष शिक्षा अभियान (वयस्क साक्षरता, महिला सशक्तिकरण छात्रवृत्ति, र विद्यालय गुणस्तर सुधार) अघि बढाउनुपर्छ।
- बालमृत्यु दर उच्च भएका प्रदेशहरूमा प्राथमिक स्वास्थ्य सेवा, प्रशिक्षित प्रसुतिकर्मी र पोषण कार्यक्रमलाई प्राथमिकता दिनुपर्छ।
- प्राविधिक शिक्षा र व्यावसायिक तालिमलाई प्रदेशका उद्योग, कृषि र रोजगारीसँग प्रत्यक्ष जोड्नुपर्छ।

## ५. राजनीतिक स्थिरता र नीति निरन्तरता

- मन्त्रालय सङ्ख्यामा बारम्बार हुने राजनीतिक हस्तक्षेप रोक्न संवैधानिक वा कानुनी सीमा तोक्नुपर्छ।
- दीर्घकालीन योजना (जस्तै १५ वर्षे प्रदेश विकास दृष्टिकोण) अनिवार्य गरी हरेक सरकारलाई कार्यान्वयनमा बाध्यकारी बनाइनुपर्छ।
- नीति तथा योजना आयोगलाई व्यावसायिक र स्वायत्त बनाएर अनुसन्धान, योजना निर्माण र मूल्याङ्कनमा राजनीतिक प्रभाव न्यूनिकरण गर्नुपर्छ।

## ६. अन्तर-तह सहकार्य र समन्वय

- साझा अधिकारका क्षेत्रमा (जस्तै कृषि, शिक्षा, स्वास्थ्य, पूर्वाधार) स्रोतको दोहोरोपन रोक्न “संयुक्त कार्यान्वयन ढाँचा” लागू गर्नुपर्छ।
- अन्तर-प्रदेशीय पूर्वाधार (सडक, ऊर्जा, पर्यटन) निर्माणका लागि सहकार्य बढाउनुपर्छ।
- सङ्घ, प्रदेश र स्थानीय तहबीच वार्षिक “अन्तर-सरकारी समन्वय सम्मेलन” (Inter-Governmental Coordination Summit) आयोजना गर्नुपर्छ।

## ७. तथ्याङ्कीय आधारमा नीति निर्माण

- प्रदेशस्तरमा “Integrated Provincial Data System” स्थापना गरी तथ्याङ्कलाई एकीकृत र अद्यावधिक गर्नुपर्छ।
- बजेट विनियोजन र कार्यक्रम मूल्याङ्कनलाई तथ्याङ्क-आधारित सूचकाङ्क (Key Performance Indicators) मा आधारित बनाउनुपर्छ।

- विश्वविद्यालय, अनुसन्धान संस्थान र नागरिक समाजसँग सहकार्य गरेर तथ्याङ्क र अनुसन्धानमा निरन्तरता ल्याउनुपर्छ।

## सन्दर्भ सामाग्री


अर्थ मन्त्रालय । (२०८१) । *आर्थिक सर्वेक्षण, २०८१* । नेपाल सरकार ।

अर्थ मन्त्रालय । (२०७४) । *अन्तरसरकारी वित्त व्यवस्थापन ऐन,२०७४* । नेपाल सरकार ।

अर्थ मन्त्रालय । (२०८२) । *मधेश प्रदेशको बजेट वक्तव्य २०८२/०८३* । जनकपुर : मधेश प्रदेश सरकार ।

आर्थिक मामिला तथा योजना मन्त्रालय । (२०८२) । *कोशी प्रदेशको बजेट वक्तव्य २०८२/०८३* । विराटनगर : कोशी प्रदेश सरकार ।

आर्थिक मामिला तथा योजना मन्त्रालय । (२०८२) । *बागमती प्रदेशको बजेट वक्तव्य २०८२/०८३* । हेटौडा : बागमती प्रदेश सरकार ।

आर्थिक मामिला तथा योजना मन्त्रालय । (२०८२) । *गण्डकी प्रदेशको बजेट वक्तव्य २०८२/०८३* । पोखरा : गण्डकी प्रदेश सरकार ।

आर्थिक मामिला तथा योजना मन्त्रालय । (२०८२) । *लुम्बिनी प्रदेशको बजेट वक्तव्य २०८२/०८३* । दाङ : लुम्बिनी प्रदेश सरकार ।

आर्थिक मामिला तथा योजना मन्त्रालय । (२०८२) । *कर्णाली प्रदेशको बजेट वक्तव्य २०८२/०८३* । विरेन्द्रनगर : कर्णाली प्रदेश सरकार ।

आर्थिक मामिला तथा योजना मन्त्रालय । (२०८२) । *सुदूरपश्चिम प्रदेशको बजेट वक्तव्य २०८२/०८३* । धनगढी : सुदूरपश्चिम प्रदेश सरकार ।

आर्थिक मामिला तथा योजना मन्त्रालय । (२०८२) । *प्रादेशिक आर्थिक सर्वेक्षण आ.व. २०८१/०८२* । विराटनगर : कोशी प्रदेश सरकार ।

आर्थिक मामिला तथा योजना मन्त्रालय । (२०८१) । *वार्षिक विकास कार्यक्रम २०८१/०८२* । विराटनगर : कोशी प्रदेश सरकार ।

केन्द्रीय तथ्याङ्क कार्यालय । (२०७८) । *जनगणना प्रतिवेदन, २०७८* । काठमाडौँ : नेपाल सरकार ।

गाउँपालिका राष्ट्रिय महासङ्घ नेपाल । २०८१ । *सङ्घ, प्रदेश र स्थानीय तहहरूबीच समन्वय तथा अन्तरसम्बन्धको लागि स्थापित संरचनाहरूको क्रियाशीलता सम्बन्धी अध्ययन प्रतिवेदन २०८१* । काठमाडौँ ।

नेपाल राष्ट्र बैंक । (२०८१) । *वार्षिक प्रतिवेदन, २०८१* । काठमाडौँ : नेपाल राष्ट्र बैंक ।

नेपाल सरकार । (२०७२) । *नेपालको संविधान* । नेपाल कानुन आयोग ।

नेपाल सरकार । (२०७४) । *राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन,२०७४* । नेपाल कानुन आयोग ।

नेपाल सरकार । (२०७४) । *स्थानीय सरकार संचालन ऐन,२०७४* । नेपाल कानुन आयोग ।

नेपाल सरकार । (२०७७) । *सङ्घ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७*
। नेपाल कानुन आयोग ।

# अनुसूची

| अनुसूची १: प्रदेश सरकार गठन, मुख्यमन्त्री तथा राजधानी सम्बन्धी विवरण | | | | | |
|---|---|---|---|---|---|
| **नाम** | **प्रदेश सभा गठन** | **प्रदेश सरकार गठन** | **पहिलो मुख्यमन्त्री** | **प्रदेश राजधानी** | **राजधानी नामाकरण** |
| **कोशी** | २०७४ माघ २२ | २०७४ फागुन ४ | शेरधन राई | विराटनगर (२०७६।०१।२३) | २०७९ फागुन १६ |
| **मधेश** | २०७४ माघ २१ | २०७४ फागुन ३ | लालबावु राउत | जनकपुर | २०७८ माघ ३ |
| **बागमती** | २०७४ माघ १८ | २०७४ माघ २८ | डोरमणी पौडेल | हेटौडा | २०७६ पुष २७ |
| **गण्डकी** | २०७४ माघ २२ | २०७४ फागुन ४ | पृथ्वी सुव्वा गुरुङ | पोखरा (२०७५।०३।१८) | २०७५ साल असार २२ |
| **लुम्विनी** | २०७४ माघ २१ | २०७४ फागुन ३ | शंकर पोखरेल | राप्ती उपत्यका देउखुरी | २०७६ साल असोज २० |
| **कर्णाली** | २०७४ माघ २१ | २०७४ फागुन ३ | महेन्द्र बहादुर शाही | सुर्खेत | २०७४ साल फागुन १२ |
| **सदुरपश्चिम** | २०७४ माघ ७ | २०७४ फागुन ४ | त्रिलोचन भट्ट | गोदावरी | २०७५ साल असोज १२ |

| तालिक २: प्रादेशिक संरचना तथा भौगोलिक अवस्था | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **प्रदेश** | क्षेत्रफल (वर्ग कि.मी.) | जनसङ्ख्या(2078) | | जिल्ला | सङ्घीय निर्वाचन क्षेत्र | प्रादेशिक निर्वाचन क्षेत्र | स्थानीय तह | वडा सङ्ख्या |
| | | हजारमा | प्रतिशत | | | | | |
| **कोशी** | 25905 | 4961 | 17.01 | 14 | 28 | 56 | 137 | ११५७ |
| **मधेश** | 9661 | 6115 | 20.97 | 8 | 32 | 64 | 136 | १२७१ |
| **बागमती** | 20300 | 6117 | 20.97 | 13 | 33 | 66 | ११९ | ११२१ |
| **गण्डकी** | 21504 | 2466 | 8.46 | 11 | 18 | 36 | 85 | ७५९ |
| **लुम्बिनी** | 22288 | 5122 | 17.56 | 12 | 26 | 52 | 109 | ९८३ |
| **कर्णाली** | 27984 | 1688 | 5.79 | 10 | 12 | 24 | 79 | ७१८ |
| **सुदुरपश्चिम** | 19874 | 2695 | 9.24 | 9 | 16 | 32 | 88 | ७३४ |
| **कुल** | 147516 | 29164 | 100 | 77 | 165 | 330 | 753 | ६७४३ |
| स्रोत : **राष्ट्रिय जनगणना २०७८ प्रदेशस्तरीय जनसाङ्ख्यिक प्रतिवेदन, २०८१** | | | | | | | | |

| अनुसूची ३: प्रदेश लोकसेवा आयोगको विवरण | | |
|---|---|---|
| **प्रदेश** | **प्रदेश लोक सेवा आयोग गठन** | **पहिलो आयोगको अध्यक्ष** |
| **कोशी** | २०७६ साल माघ ९ | उत्तम कुमार भट्टराई |
| **मधेश** | २०७६ भाद्र २२ | सुरेन्द्र प्रसाद यादव |
| **बागमती** | २०७६ साल मंसिर २ | सुरेशमान श्रेष्ठ |
| **गण्डकी** | २०७६ साल चैत्र ११ | विष्णु प्रसाद नेपाल |
| **लुम्बिनी** | २०७६ साल साउन २८ | डिलाराम भट्टराई |
| **कर्णाली** | २०७७ फागुन ६ | राम प्रसाद उपाध्याय |
| **सुदुरपश्चिम** | २०७८ चैत्र १८ | यज्ञराज बोहरा |

## अनुसूची ४: राष्ट्रिय समन्वय परिषद्को मिति २०८० असार १६ गते बसेको पहिलो बैठकका निर्णयहरू

निर्णय नम्बर १ .राष्ट्रिय समन्वय परिषद्को बैठक सञ्चालन सम्बन्धी कार्यविधि पारित गर्ने सम्बन्धमा,

सङ्घ 2077 ,ऐन (समन्वय तथा अन्तरसम्बन्ध)प्रदेश र स्थानीय तह ,को दफा १६ को उपदफा बमोजिम (७)राष्ट्रिय समन्वय परिषद्को बैठकलाई व्यवस्थित र प्रभावकारी बनाउन राष्ट्रिय समन्वय परिषद्को सचिवालयले तयार गरी पेश गरेको बैठक संचालन सम्बन्धी कार्यविधिको मस्यौदा उपर छलफल गरी संलग्न सम्बन्धी (सञ्चालन तथा व्यवस्थापन)राष्ट्रिय समन्वय परिषद्को बैठक " पारित गर्ने। "२०८० ,कार्यविधि

निर्णय नम्बर २ .कार्यान्वयनमा देखिएको अस्पष्टता र दोहोरोपना हटाउने सम्बन्धमा,

(क) कार्यविस्तृतीकरण परिमार्जन गरी तीनै तहको अधिकारमा स्पष्टता ल्याउने ,

कार्यविस्तृतीकरण परिमार्जन गरी तीनै तहको अधिकारमा स्पष्टता ल्याउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रादेशिक समन्वय हेर्ने सचिवको संयोजकत्वमा देहायबमोजिमको कार्यविस्तृतीकरण परिमार्जन सिफारिस समिति गठन गर्ने।उक्त समितिले ६ महिनाभित्र कार्यविस्तृतीकरण परिमार्जनको मस्यौदा तयार गरी राष्ट्रिय समन्वय परिषद्मा पेश गर्ने।यस प्रकृयामा सचिवालयले आवश्यकता अनुसार विज्ञको समेत सहयोग लिने ।

**कार्यविस्तृतीकरण परिमार्जन सिफारिस समिति**

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रादेशिक समन्वय हेर्ने सचिवसंयोजक -
कानूनन्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव , - सदस्य
अर्थ मन्त्रालयका सचिव सदस्य -
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव -
सदस्य
राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका सचिव सदस्य
राष्ट्रिय योजना आयोगका सचिव सदस्य
संयोजकले तोकेको कुनै एक प्रदेशको प्रमुख सचिव - सदस्य
भीम प्रसाद ढुङ्गाना ,निलकण्ठ नगरपालिका ,नगर प्रमुख , धादिङ सदस्य
लक्ष्मी देवी पाण्डेसुस्ता पूर्व)नवलपरासी ,हुप्सेकोट गाउँपालिका ,अध्यक्ष , - सदस्य
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रादेशिक समन्वय हेर्ने सहसचिव - सदस्य सचिव

**(ख) तीनै तहवाट जाने अनुदानको शीर्षक रकम र प्रकृति अध्ययन गरी दोहोरो अनुदान बन्द , ,गर्ने**

तीन तहबाट विभिन्न सङ्घसंस्था एवं एकै प्रकृतिका कार्यक्रमका लागि विनियोजन भएको अनुदानको अध्ययन गरी कुन शिर्षकमा के र कति रकम सम्म अनुदान कुन तहले प्रदान गर्ने भन्ने सम्बन्धमा एक महिना भित्र सुझाव तयार गरी नेपाल सरकारका मुख्य सचिवमार्फत राष्ट्रिय समन्वय परिषदको सचिवालयमा पेश गर्न राष्ट्रिय योजना आयोगका सचिवको संयोजकत्वमा देहायवमोजिम समिति गठन गर्ने । प्राप्त सुझाव राष्ट्रिय समन्वय परिषद्को बैठकमा पेश गर्ने ।

**तीनै तहको अनुदान सम्बन्धमा सिफारिस समिति:**

सचिवराष्ट्रिय योजना आयोग , संयोजक
सहसचिवराष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग , सदस्य
सहसचिव अर्थ मन्त्रालय , सदस्य
प्रदेशका आर्थिक मामिला हेर्ने मन्त्रालयका सचिवहरुमध्येबाट एक जना सदस्य-
प्रादेशिक समन्वय तथा योजना महाशाखा प्रमुख ,
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सदस्य
सहसचिवराष्ट्रिय योजना आयोग , सदस्य सचिव

**(ग) एउटै प्रकृतिको कामको लागि स्थापना भएका अलग, अलग संरचना हटाउने,**

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका प्रादेशिक समन्वय हेर्ने सचिवको संयोजकत्वमा देहाय बमोजिम सदस्यहरु रहेको सिफारिस समिति गठन गर्ने ।समितिले तीन महिनाभित्र खारेज गर्नुपर्ने

निकायको पहिचान तथा के कस्ता संरचना कुन तहले मात्र बनाउन सक्ने भन्ने सम्बन्धमा अध्ययन गरी राष्ट्रिय समन्वय परिषदमा सिफारिस गर्ने ।

**संरचना खारेजी सम्बन्धी सिफारिस समिति:**

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका प्रादेशिक समन्वय हेर्ने सचिव - योजकंास

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव - सदस्य

कानूनन्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव , - सदस्य

अर्थ सचिव सदस्य-

सम्बन्धित प्रदेशका प्रमुख सचिव सदस्य

प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय ,प्रादेशिक समन्वय तथा योजना महाशाखा प्रमुख - सदस्य सचिव

**(घ) तीन तहका सरकारबीच विकास आयोजनामा दोहोरोपन हटाउने र तादात्म्यता कायम गर्ने,**
तीनै तहको लागि नगरपालिका र गाउँपालिका समेत ,उपमहानगर ,स्थानीय तहमा महानगर) आवश्यकतानुसार अलग अलग विकास आयोजनाको प्रकृति र रकम सीमा राष्ट्रिय योजना आयोगले ( तयार गरीराष्ट्रिय समन्यव परिषद् समक्ष ३ महिना भित्र पेश गर्ने ।राष्ट्रिय गौरबको आयोजना , राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना लगायतसङ्घ ीय आयोजनालाई सहयोग पुग्ने गरी प्रदेश र स्थानीय तहले आफ्नाआयोजना सञ्चालन गर्ने । प्रादेशिक गौरवका वा प्राथमिकता प्राप्त आयोजनालाई सफल वनाउन मद्दत पुग्ने गरी सम्बन्धित स्थानीय तहले आयोजना अघि बढाउने।आयोजनामा देखिएका दोहोरोपना हटाउने समन्वय र तादात्म्यता ,बढाउन राष्ट्रिय योजना आयोगले समन्वयकारी भूमिका निर्वाह गर्ने ।

निर्णय नम्बर ३ .कानून निर्माण गर्ने सम्बन्धमा,

(क) साझा सूचीमा रहेका अधिकारसम्बन्धी कानून निर्माणमा सहकार्य गर्ने,

साझा सूचीमा रहेको अधिकार कार्यान्वयन गर्न बन्न बाँकी कानूनको पहिचान गरी कार्ययोजना बनाई सङ्घीय कानून मन्त्रालयले कानूनको मस्यौदा तयार गर्ने।उक्त मस्यौदा प्रदेश सरकार तथा स्थानीय तहका सङ्घ महासङ्घमा समेत पठाई सुझाव लिने प्रकृयाको थालनी गर्ने ।

(ख) सङ्घीयता कार्यान्वयनका लागि अत्यावश्यक कानूनको निर्माण र बनेका कानूनको कार्यान्वयन गर्ने,

सङ्घीय निजामती सेवा ऐन लगायत तीनै तहको लागि अत्यावश्यक तर सङ्घीय संसदले बनाउनु पर्ने ऐनहरू सम्भव भए चालु अधिवेशनमा नै यदि सम्भव नभए संसद्को आगामी अधिवेशनमा पेश गर्ने ।बनिसकेका ऐनको सवै तहले इमान्दारिताका साथ कार्यान्वयन गर्ने ।

<u>निर्णय नम्बर ४</u> <u>.</u>जनशक्ति व्यवस्थापन र सेवा प्रवाह सम्बन्धमा,

प्रदेश तथा स्थानीय तहमा जनशक्तिको अभाव तथा कतिपय स्थानमा खटाइएका कर्मचारीलाई हाजिर गराई काममा लगाउन प्रदेश तथा स्थानीय तहले आनाकानी गर्दा अपेक्षा अनुसार सेवा प्रवाह हुन नसकेको विषयलाई मध्यनजर गरी विशेष अवस्थामा वाहेक २ वर्ष नपुगी कुनै पनि स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको सरूवा नगर्ने र कम्तीमा १ वर्ष नपुगी प्रदेशमा खटिएर गएका कर्मचारीको सरुवा नगर्ने व्यवस्था सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मिलाउने।प्रदेश तथा स्थानीय तहमा दरबन्दी बमोजिम कर्मचारी खटाउन सङ्घीय मन्त्रालयले प्राथमिकता दिने।सङ्घीय सरकारले कानून बमोजिम खटाएको कर्मचारीहरुलाई प्रदेश र स्थानीय तहले हाजिर गराई काममा लगाउनुपर्ने । यसरी खटाएको कर्मचारीहरुलाई काममा नलगाउने प्रदेश तथा स्थानीय तहलाई सङ्घीय सरकारबाट जाने अनुदान रकममा कटौती हुन सक्ने। प्रचलित ऐन कानुनको सवै तहका सरकारले पूर्णरुपमा पालना गर्ने ।

सङ्घीयताको मर्मअनुसार नागरिकमैत्री र गुणस्तरीय सेवा प्रवाह सुनिश्चित गर्न तीनै तहका सरकारले कार्ययोजना बनाई क्रमशकार्यान्वयन गर्दै जाने। :

<u>निर्णय नम्बर ५</u> <u>.</u>राष्ट्रिय तथ्याङ्कको एकिकृत अभिलेख प्रणाली विकास गर्ने सम्बन्धमा,

नेपालले प्राप्त गरेका समग्र उपलब्धीहरू भनेको सरकारका तीनै तहले सम्पादन गरेको कार्यको समष्टिगत उपलब्धी नै हुन । यस्तो उपलब्धीको एकीकृत अभिलेख कसरी प्राप्त गर्नेकस्तो , संरचनात्मक व्यवस्था आवश्यक छ भन्ने सम्बन्धमा अध्ययन गरी ६ महिनाभित्र सिफारिस गर्न राष्ट्रिय तथ्यांक कार्यालयका प्रमुखको संयोजकत्वमा देहाय बमोजिम समिति गठन गर्ने ।

एकिकृत अभिलेख प्रणाली सिफारिस समिति

| | |
|---|---|
| राष्ट्रीय तथ्यांक कार्यालयका प्रमुख | संयोजक- |
| प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयका नतिजा व्यवस्थापन महाशाखा प्रमुख | सदस्य |
| सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव | सदस्य- |
| महालेखा नियन्त्रक कार्यालयका सहसचिव | सदस्य- |
| सम्बन्धित विषय हेर्ने प्रदेश मन्त्रालयका सचिव | सदस्य- |
| राष्ट्रिय तथ्यांक कार्यालयका सहसचिव | सदस्य-सचिव |

<u>निर्णय नम्बर ६</u> <u>.</u>जग्गा प्राप्ति सहजताको विषय सम्बन्धमा,

प्रदेश सरकार तथा स्थानीय तहले पूर्वाधार निर्माण गर्दा आवश्यक पर्ने जग्गाको प्राप्ति सम्बन्धी प्रक्रिया सहजताका साथ टुङ्गीने गरी कानूनमा परिमार्जनको कार्य सम्बन्धित सङ्घीय मन्त्रालयले अगाडी बढाउने ।

## अनुसूची ५

धनकुटाको हिलेमा आयोजित सङ्घीयता प्रवर्द्धनमा प्रदेश सभाको भुमिका विषयक अन्तरप्रदेश समीक्षात्मक गोष्ठीको निष्कर्ष, २०७९

मिति २०७९।०५। २१ देखि २२ सम्म प्रदेश नं। १ को प्रदेश सभाद्वारा धनकुटाको हिलेमा आयोजित सङ्घीयता प्रवर्द्धनमा प्रदेश सभाको भूमिका विषयक अन्तरप्रदेश समीक्षात्मक गोष्ठीको उदघाटन सत्रमा कार्यक्रमको अध्यक्षबाट भएको सम्बोधन, विषयविज्ञको कार्यपत्र, सो माथिको टिप्पणी र सबै प्रदेशको प्रस्तुती र सङ्घीय संसद सचिवालय समेतको प्रस्तुतिका आधारमा राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यूको समुपस्थितिमा निम्न बुँदाहरूमा अन्तर प्रदेश समीक्षात्मक गोष्ठीको निष्कर्ष रहेको छ।

-१) नेपालको संविधानको धारा ५६ को उपधारा (६) मा सङ्घ, प्रदेश र स्थानीय तहले पालना गर्नु पर्ने निर्दिष्ट सिद्धान्त र धारा २३२ को उपधारा (१) मा उल्लिखित नेपाली सङ्घीयताको स्वरुपका आधारमा सङ्घीयताको कार्यान्वयन हुनुपर्ने तथा संविधानको धारा ५६ (६) र सङ्घ, प्रदेश स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा ३ ले निर्दिष्ट गरे बमोजिम कानूनहरू बनाउनु पर्ने ।

-२) नेपालको संविधानको धारा २३५ (२) वमोजिम प्रदेश र स्थानीय तहबीच समन्वय कायम गर्न र प्रदेश तथा स्थानीय तहहरू बीच पैदा हुने राजनीतिक विवाद समाधान गर्ने प्रदेश सभाको अधिकार र कर्तव्यलाई कार्यान्वयन गर्न कानूनको व्यवस्था गर्नु पर्ने।

-३) प्रदेश तहले बोझिलो गरी प्रशासनिक खर्च बढाउने र अनावश्यक संरचनाहरु निर्माण गर्ने कार्यलाई निरुत्साहित गरी सङ्घीयतालाई पवर्धन गर्ने गरी कानून निर्माणमा प्राथमिकता निर्धारण गर्ने।

-४) संविधानले सङ्घ र प्रदेशको साझा अधिकारको सूचीमा राखेका विषयहरुमा सङ्घीय संसदले तहगत रुपमा स्पष्ट कार्य विभाजन हुने गरी सङ्घीय निजामती सेवा ऐन लगायतका

आवश्यक कानूनहरू यथाशीघ्र निर्माण गरी प्रदेश र स्थानीय तहको कानून बनाउने अधिकारलाई सहज बनाउने।

-५) सङ्घीयताको प्रवर्द्धन गर्न सङ्घीय ससंद, प्रदेश सभा तथा स्थानीय तहले व्यवस्थापन विधि तथा काम कारवाहीमा एकरुपताका लागि आवश्यक सहकारिता, सहअस्तित्व र समन्वय गर्ने ।

-६) प्रदेश सभाका समितिहरुलाई प्रभावकारी बनाउने र निगरानी कार्य अन्तर्गत समितिहरुले दिएका निर्देशन र सुझावहरु पालना गर्ने संस्कृतिको विकास गर्ने ।

-७) निर्वाचन व्यवस्थालाई सहज, सरल, जनताको पहुँच योग्य, मितव्ययी र स्वच्छ प्रतिष्पर्धी बनाइनु पर्ने ।

८) सङ्घीयता कार्यान्वयनका क्रममा सङ्घ, प्रदेश र स्थानीय तह जनस्तरमै स्थापित भइसकेको र दलीय विधानहरुमा समेत त्यसलाई आत्मसात गरिएको र विकास निर्माणमा जनताको सहज पहुँच अगाडि बढेको कुरालाई जनस्तरमा पुरयाउन सोही अनुरुप संचारण प्रणालीको विकास गर्ने ।

९) मुलुक सधैं शासन प्रणालीको प्रयोगशाला बनाउन नहुने भएकोले सङ्घीयता आवश्यक छ वा छैन भन्ने प्रश्नमा विवाद गरिरहनु भन्दा सङ्घीयतालाई बलियो बनाई प्रवर्द्धन गर्ने किसिमले सोचमा ुपरिवर्तन गर्ने ।

१०) सङ्घीयता प्रवर्द्धन गर्न प्रदेश राजधानीहरूमा भौतिक पूर्वाधार निर्माणलाई यथाशीघ्र सम्पन्न गर्न आवश्यक व्यवस्था गर्ने।

११) प्रदेशले निजामती सेवा, स्थानीय सेवा, प्रहरी सेवा र राजश्व सम्बन्धी कानून निर्माण गरी यथाशिघ्र प्रभावकारी रुपमा कार्यान्वयनमा ध्यान केन्द्रित गर्नु पर्ने ।

१२) सङ्घीय प्रणालीलाई सस्थागत र प्रवर्द्धन गर्न आवश्यकता अनुसार समय समयमा जनप्रतिनिधि र राष्ट्रिय सेवक कर्मचारीहरुको अन्तरक्रिया कार्यक्रमको संचालन गर्ने।

१३) सङ्घ प्रदेश र स्थानीय तहको समन्वयात्मक भूमिकालाई प्रभावकारी बनाउने सम्बन्धमा राष्ट्रिय सभाले जारी गरेको संकल्प प्रस्तावको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने।

१४) सङ्घीय संसद सचिवालयले सबै प्रदेशका सभामुख र उपसभामुखहरुको सम्पर्क कार्यालयको व्यवस्था गर्ने ।

१५) प्रदेश सभा र स्थानीय तहको निर्वाचन मण्डलबाट राष्ट्रिय सभाको गठन हुने भएकोले प्रदेश र स्थानीय विषयहरुमा राष्ट्रिय सभा र प्रदेश सभाहरुले गरेका कामकारवाहीमा सहकार्य गर्ने । (१६) सङ्घीयता प्रवर्द्धनमा सङ्घीय संसद र प्रदेश सभाको भूमिका, उपलब्धी, समस्या, चुनौती र भावी मार्गदर्शनका सम्बन्धमा अध्ययन गरी सुझाव सहितको प्रतिवेदन तयार गर्न लुम्बिनी प्रदेश सभा सचिवालयले समन्वय गर्ने गरी प्रदेश सभाका सचिवहरु,

सङ्घीय संसदका प्रतिनिधि र विषय विज्ञ समेत रहने गरी कार्यदल गठन गरी जिम्मेवारी दिइयो ।

समुपस्थिति

| | |
|---|---|
| सम्माननीय गणेश प्रसाद तिमिल्सिना | अध्यक्ष, राष्ट्रिय सभा |
| माननीय प्रदिप कुमार भण्डारी | सभामुख, प्रदेश नं। १। |
| माननीय सरोज कुमार यादव | सभामुख, मधेश प्रदेश |
| माननीय सानु कुमार श्रेष्ठ | सभामुख, बाग्मती प्रदेश |
| माननीय नेत्रनाथ अधिकारी | सभामुख, गण्डकी प्रदेश |
| माननीय पूर्ण कुमार घर्ती सभामुख, | लुम्बिनी प्रदेश |
| माननीय राज बहादुर शाही | सभामुख, कर्णाली प्रदेश |
| माननीय अर्जुन बहादुर थापा | सभामुख, सुदूरपश्चिम प्रदेश |
| माननीय सरस्वती पोखरेल | उपसभामुख, प्रदेश नं. १ |
| माननीय सिर्जना शर्मा | उपसभामुख, गण्डकी प्रदेश |
| माननीय निर्मला बडाल जोशी | उपसभामुख, सुदूरपश्चिम प्रदेश |
| माननीय उपमा कुमारी देव | उपसभामुख, मधेश प्रदेश |
| माननीय कृष्णी थारु | उपसभामुख, लुम्बिनी प्रदेश |
| माननीय राधिका तामाङ | उपसभामुख, बाग्मती प्रदेश |
| माननीय पुष्पा घर्ती बिष्ट | उपसभामुख, कर्णाली प्रदेश |